असल नियत राख्नेसाग सहकार्य हुन्छः अर्थमन्त्री पुन | पृष्ठ ३ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ३३ • २०८१ साल असार ७ गते शुक्रबार (21 June, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भन्सार परिसरबाटै अभियुक्त भगाइए

**टुडे समाचारदाता**

गौर । सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट सरमुजवाको टोलीले स्रोत नखुलेको रकमसहित पक्राउ गरेका भारतीय नागरिकलाई भन्सार कार्यालय परिसरबाट नै भगाइएको छ ।

सशस्त्र प्रहरीको टोलीले सीमा नाकामा गस्ती गरी रहेको बेला शंका लागेर बाइक चेकजाँच गर्दा स्रोत नखुलेको १४ लाख ८० हजार नेपाली रुपैयाँसहित एकजना भारतीय युवकलाई नियन्त्रणमा बिहीबार नियन्त्रणमा लिएको थियो।

भारतबाट नेपाल भित्रिएको बीआर ०५ बि ६२१२ नम्बरको मोटरसाइकल रोकी जाँच गर्ने क्रमममा मोटरसाइकल चालक भारत बिहार पूर्वी चम्पारण मोतिहारी झरोखर-७ का ३१ वर्षीय गजेन्द्र रायको साथबाट सो रकम बरामद गरिएको सशस्त्र प्रहरी उपरीक्षक बिक्रम हुँमागाईले बताएका छन् ।

गजेन्द्रले मोटरसाइकल तथा शरीरको खुट्टा, कम्मर लगायत स्थानमा लुकाएर ल्याउँदै गरेको अवस्थामा स्रोत नखुलेको रकम फेला पारिएको उनले जनाए ।

बरामद भएको रकम, मोटरसाइकल तथा मानिसलाई आवश्यक कानुनी कारबाहीको लागि गौर भन्सारमा बुझाइएको सशस्त्रका प्रहरी उपरीक्षक हुँमागाईले बताए ।

तर भन्सार कार्यालय परिसरबाट रायलाई मोटो रकम लिएर भगाइएको स्थानीयहरुले जनाएका छन् । यस सम्बन्धमा सशस्त्र प्रहरी भने मौन रहेको छ ।

### मधेश प्रदेशमा २०८१/०८२ को बजेट

# कुल बजेटको आधी भन्दा बढी एमालेको ४ मन्त्रालयमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को कुल बजेटको आधी भन्दा बढी रकम नेकपा एमालेको भागमा रहेका ४ मन्त्रालयका लागि छुट्याइएको छ ।

अर्थ मन्त्री भरतप्रसाद साहले सार्वजनिक गरेका कुल बजेट ४३ अर्ब ८९ करोड, २१ लख ७० हजार मध्ये एमालेको भागमा रहेको ४ वटा मन्त्रालयका लागि २३ अर्ब, १९ करोड, ५३ लाख, ०६ हजार बिनियोजन गरिएको छ। यो रकम कुल बजेटको ५२ दशमलव ८४ प्रतिशत रहेको छ ।

एमालेको भागमा रहेको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयमा १३ अर्ब , ११ करोड, ५२ लाख ७४ हजार रकम विनियोजन गरिएको छ। एमालेबाट सरकारमा नेतृत्व गरिरहेका संसदीय दलका नेता सरोज कुमार यादव भौतिक पूर्वाधार विकास मन्त्री छन् ।

त्यसैगरि एमालेका शत्रुधन प्रसाद सिंह कोइरी मन्त्री रहेका स्वास्थ्य मन्त्रालयमा ५ अर्ब, २१ करोड, ६५ लाख ६ हजार बजेट छुट्याइएको छ । भौतिक मन्त्रालयपछि सर्वाधिक बजेट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा विनियोजन भएको छ ।

एमालेकै राजकुमार लेखी मन्त्री रहेको शिक्षा तथा संस्कृति मन्त्रालयमा २ अर्ब ९० करोड, ५१ लाख ७६ हजार रकम विनियोजन गरिएको छ ।

त्यस्तै एमालेको भागमा रहेको खेलकुद तथा समाज कल्याण मन्त्रालयका लागि १ अर्ब, ९५ करोड, ८३ लाख, ५० हजार रकम विनियोजन गरिएको छ । खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जयसवाल यस अघि एमालेबाट शिक्षा मन्त्री रहेका थिए । पर्सा जिल्लाबाट स्वतन्त्र भइ चुनाव जितेका जयसवाल एमालेमा प्रवेश गरे लगतै शिक्षा मन्त्री बनेका थिए ।

त्यसैगरि नेकपा एसको भागमा रहेको उर्जा , सिँचाई तथा खानेपानी मन्त्रालयका लागि ५ अर्ब, १७ करोड, ९६ लाख, ४२ हजार र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब,७९ करोड, १९ लाख विनियोजन गरिएको छ। नेकपा एसबाट बेची लुंगेली उर्जा, सिँचाई तथा खानेपानी मन्त्री छन् । संसदीय दलका नेता गोविन्द बहादुर न्यौपाने कृषि मन्त्री छन् ।

जनमत पार्टीको भागमा रहेको वन तथा वातावरण मन्त्रालयका लागि २ अर्ब ४२ करोड,४० लाख, २५ हजार रकम विनियोजन गरिएको छ ।


संघीय सरकारको नेतृत्व नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'ले गरे पनि सरकार एमालेका अध्यक्ष केपी शर्मा ओलीको अनुसार चलिरहेको आरोप लाग्दै आएको छ ।

मधेश प्रदेशमा पनि सरकारको नेतृत्व जनमत पार्टी सभासद सतीश कुमार सिंहले गरिरहे पनि एमाले संसदीय दलका नेता यादवको नियन्त्रणमा सरकार रहेको आरोप लाग्न थालेको छ ।

एमालेका नेता, कार्यकर्ताहरुको चाहना अनुसार ४ वटा मन्त्रालयमा योजना राखिएको छ ।बजेटबाट एमालेका नेता, कार्यकर्ताहरु सन्तुष्ट देखिएका छन् । तर भौतिक पूर्वाधार मन्त्री यादवले विकास सम्बद्ध मन्त्रालयहरु एमालेको भागमा परेकाले बढी बजेट देखिएको बताए । 'सत्ता गठबन्धनका दलहरुबीच समन्वय भएरै बजेट आएको छ' उनले भने, बजेट पार्टीगत आधारमा वितरण भएको छैन ।

बजेटबाट माओवादीमा असन्तुष्टि रहे पनि जनमत पार्टीले सरकारको नेतृत्व गर्न पाएकोमा नेता, कार्यकर्ताहरु खुशी छन् ।

उनीहरुले मधेशमा जनता समाजवादी पार्टी(जसपा)लाई संघीय र प्रदेश सरकारबाट विस्थापित गर्न सफल भएको बताउँदै सन्तुष्टि व्यक्त गरेका छन् ।









# शिक्षक सरुवा र काजका नाममा हुने बेथिति रोकिँदै



काठमाण्डु । "विद्यालयमा शिक्षकको दरबन्दी रिक्त नहुँदा पनि विभिन्न पक्षबाट ' खाली छ' ? भनेर सोध्ने गरिन्छ ।", भक्तपुरको सिरुटार स्थित सोमलिङ्गेश्वर आधारभूत विद्यालयका प्रधानाध्यापक मञ्जु बस्नेतको प्रश्न छ, " पद खाली भएको अवस्थामा कस्तो परिस्थितिको सामना गर्नुपर्ला यो पर्याप्त छैन र ?"

शिक्षकले दलीय सदस्यता त्याग्न लगाउने शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको कदम प्रधानाध्यापक बस्नेतलाई मन परेको छ । उहाँ आफूहरुको दल भनेको अध्ययन-अध्यापन मात्र हो भनेर लागेमा शिक्षा क्षेत्रमा धेरै सुधार हुने बताउनुहुन्छ । "तर दलको झोला बोकेर र नेताको पछि लागेर शिक्षक सङ्गठनको काम भनेर राजनीतिक काममा हिँड्नेका कारण आफूहरुलाई पनि असर परेको छ। सङ्गठनमा लागेर शिक्षकका हक हितमा काम गरिदिए हुन्थ्यो ।", प्रअ बस्नेतले राससस‍ँग भन्नुभयो, "नेताको पछि लागेर वा दलको सङ्गठनका नाममा अन्य शिक्षकलाई हप्कीदप्की गर्ने काम भएको छात्यसैले शिक्षामन्त्री श्रेष्ठको निर्देशन सही छ । बरु विगतमा सदस्य भएका शिक्षकलाई अहिले कारबाहीभन्दा अबका दिनमा बन्देजको नीतिमा जाँदा ठीक हुन्छ।"

> शिक्षामन्त्री श्रेष्ठले जिम्मेवारी सम्हालेपछि कानुनविपरीत राजनीतिक दलमा आबद्ध शिक्षकलाई कारबाही गर्न दिइएको निर्देशन, गत जेठ १३ गते जारी भएको शिक्षक सरुवासम्बन्धी निर्देशिका र बेथितिपूर्ण काज फिर्ता गराउने पहल सकारात्मक मानिएको छ ।

शिक्षामन्त्री श्रेष्ठले ल्याएको ' शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१' भने कार्यान्वयनमा ल्याउन गाह्रो हुने उहाँको बुझाइ छ । व्यावहारिकरुपमा प्रअले निष्पक्ष निर्णय गर्ने अवस्था नरहेको अवस्थामा निर्देशिकाका असल प्रावधानलाई पनि पालना गर्न कठिनाइ हुने उहाँको बुझा छ ।

सामुदायिक विद्यालयमा उचित शिक्षक व्यवस्थापन नहुँदा गुणस्तर खस्किएको भन्ने आम गुनासोबीच पछिल्ला समयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुगमन र कारबाहीमा प्राथमिकता दिन थालेपछि शिक्षा क्षेत्रमा एक प्रकारको बहस चलिरहेको छ । यो बहसले हरेक शिक्षक र विद्यालय कर्मचारीलाई पनि छोएको छ । शिक्षामन्त्री श्रेष्ठले जिम्मेवारी सम्हालेपछि कानुनविपरीत राजनीतिक दलमा आबद्ध शिक्षकलाई कारबाही गर्न दिइएको निर्देशन, गत जेठ १३ गते जारी भएको शिक्षक सरुवासम्बन्धी निर्देशिका र बेथितिपूर्ण काज फिर्ता गराउने पहल सकारात्मक मानिएको छ ।

नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घले भने सङ्घीयताको मर्मविपरीत हुने भन्दै शिक्षक सुरुआसम्बन्धी निर्देशिका कार्यान्वयन नगराउने चेतावनी दिएका छन्। नेपाल शिक्षक महासङ्घ, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपाललगायत संस्थाले पनि निर्देशिकामा असन्तुष्टि जनाएका छन्।

नेपाल शिक्षक महासङ्घ र आबद्ध घटकले सरकारले शिक्षकको आस्था र विचारमाथि प्रहार गर्न नहुने प्रतिक्रिया दिए पनि कानुनी प्रबन्धका कारण दलको सदस्यता कायम राखेर शिक्षकको जागिरलाई निरन्तरता दिन अब शिक्षकलाई पहिलाजस्तो सजिलो छैन । नेपाल शिक्षक सङ्घका महासचिव ज्ञानेन्द्रबहादुर रावलले कानुनी व्यवस्थाको पालना गराउँदा आफूहरुको आपत्ति नहुने तर शिक्षकलाई त्रसित गराउने गरी 'स्टन्ट' गर्न नहुने तर्क गर्नुभयो। उहाँले शिक्षक र कर्मचारीका विषयमा कानुन वा नीति ल्याउँदा आफूहरुसँग परामर्श गरिनुपर्ने उल्लेख गर्नुभयो । महमासचिव रावलले सङ्घका सदस्यहरु कुनै पनि दलको सदस्य नरहेको स्पष्ट गर्दै शिक्षकहरुको विचार र आस्था हुन सक्ने जनाउनुभयो।

शिक्षक-कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समितिका सदस्यसमेत भएको भन्ने गुनासोका शिक्षामन्त्री श्रेष्ठको गत वैशाख ४ गतको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएको थियो। केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिका सदस्य रहेको शिक्षक र कर्मचारीलाई कारबाही गर्न सबै जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइलाई निर्देशन दिएको थियो।

शिक्षा ऐन २०२८ (नवौँ संशोधन), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र शिक्षा नियमावली २०५९ ले शिक्षकलाई राजनीतिक दलमा आबद्धता हुन नपाइने व्यवस्था गरेको छ । सो सम्बन्धमा पाटन उच्च अदालतले २०७९ जेठ ४ मा उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न-गराउन सरकारका नाममा परमादेश जारी गरेको थियो। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७, शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानुनी व्यवस्थाको स्पष्ट उल्लेखसहित जिल्ला तहमा पत्राचार भएपछि दलीय आबद्धतामा रहेका शिक्षकले राजीनामा दिन थालेका हुन् ।रासस

# यो वर्ष पनि नबन्ने भयो कमला नदीमा पुल



जनकपुरधाम । धनुषा र सिरहालाई जोड्ने कमला पुल यस वर्ष पनि नबन्ने भएको छ। निर्माण सम्पन्न भएर उद्घाटन हुनुअगावै भासिएको उक्त पुल तीन वर्ष बितिसक्दा पनि निर्माण हुनसकेको छैन।

गत चैत १८ गते पुलको निरीक्षण गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले ठेकेदारलाई असार १५ गतेसम्म पुल निर्माण सम्पन्न गर्न निर्देशन दिनुभएको थियो । उपप्रधानमन्त्रीसमेत रहनुभएका महासेठले दिनुभएको म्याद सकिन एक हप्ता बाँकी रहँदासम्म पुल निर्माणको प्रगति भने शून्य छ । "करिब १३ वर्षदेखि निर्माणाधीन यो पुलको पुनःनिर्माण समयमै हुनुपर्यो। नभए निर्माण कम्पनीलाई कारबाही गरी नयाँ प्रक्रिया अगाडि बढाउनुस्", पुलको निरीक्षण गर्दै उपप्रधानमन्त्री महासेठले भन्नुभएको थियो।

वर्षा सुरु भएसँगै बाढीको जोखिम बढेकाले पुल निर्माण यस वर्ष सम्पन्न हुन नसक्ने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका निर्देशक कृष्णकुमार महतोले बताउनुभयो । मधेस प्रदेशको ' लाइफ लाइन' मानिने कमला पुल चार सय ७० मिटर लामो छ। विसं २०६८ जेठ ३१ मा ४२ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी पप्पु-लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो। सम्झौता भएको सात वर्षसम्म पनि पुल निर्माण नभएपछि हुलाकी राजमार्ग सडक निर्देशनालयले उक्त निर्माण कम्पनीसँग ठेक्का तोडेर निर्माणको जिम्मा लुम्बिनी बिल्डर्सलाई दिएको थियो।

बिल्डर्सको कमाण्डमा निर्माण अन्तिम चरणमा पुगिसकेकाले विसं २०७८ साउनमा उद्घाटनको तयारी गरिसकेको अवस्थामा पुल भासिएको निर्देशक महतोले बताउनुभयो । उहाँका अनुसार १३ पाया (पिलर) र १२ स्पान (स्ल्याब) रहेको पुलको सिरहातर्फको दोस्रो र धनुषातर्फको चौथो पाया भासिएको थियो।

पुल भासिएपछि निर्माण कम्पनी र बीमा कम्पनीबीचको विवादले हालसम्म काम रोकिएको निर्देशक महतोको भनाइ छ। "सरकारी निकायको कुनै पनि ठेक्का गर्दा रु १० लाखभन्दा बढीको आयोजनामा बीमा गराउनुपर्ने प्रावधान छ । सोही प्रावधानअनुसार पुल निर्माण कम्पनीले बीमा गराएको थियो । पुल भासिएपछि बीमा कम्पनीले क्षतिपूर्ति नदिएपछि सोही विवादका कारण काम रोकिएको छ", उहाँले भन्नुभयो।

निर्माण कम्पनीका प्रबन्ध निर्देशक विष्णु शर्माले यो वर्ष पुल निर्माण सम्पन्न गर्न सम्भव नरहेको बताउनुभयो । पुल पुनःनिर्माण गर्न हालसम्म डिजाइन पास नभएकाले निर्माण सम्भव नरहेको उल्लेख गर्नुभयो ।"पेस गरिएको डिजाइनमध्ये एउटा धनुषातर्फको पास भएको छ। केही दिनअघि मात्रै कम्पनीका तर्फबाट तयार गरिएको डिजाइन मन्त्रालयमा बुझाएका छौँ । सिरहातर्फको डिजाइन पास भएको छैन। अनि कसरी यो वर्ष काम हुन्छ ?", प्रबन्ध निर्देशक शर्माले प्रश्न गर्नुभयो । वर्षामा नदीमा बाढी आउन सक्ने भएकाले आगामी असोज/कात्तिकबाट निर्माण अगाडि बढाइने उहाँको भनाइ छ।


यही असार मसान्तसम्म निर्माणको म्याद रहेको भन्दै प्रबन्ध निर्देशक शर्माले म्याद थप गरी सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले बीमा कम्पनीसँग उच्च अदालत काठमाडौँमा मुद्दा चलिरहेकाले निर्माणमा ढिलाइ भएको तर्क गर्नुभयो । प्रबन्ध निर्देशक शर्माका अनुसार पुल भासिएपछि बीमा कम्पनीसँग रु १२ करोड क्षतिपूर्तिको माग गरिएको थियो । बीमा कम्पनीले रु दुई करोडमात्रै दिने भनेपछि, कम्पनीविरुद्ध उजुरी दिएका छौँ", उहाँले भन्नुभयो, "उजुरीका आधारमा समस्या समाधान नभएपछि उच्च अदालत गएका हौँ। उच्च अदालतमा गत जेठ तेस्रो साता मुद्दा दर्ता गराएका छौँ ।" अहिले पुलमा सामान्य निर्माण भने भइरहेको उहाँले बताउनुभयो।

कमला नदीमा पुल नबन्दा धनुषा र सिरहाका नागरिकको जनजीवन प्रभावित हुँदै आएको सिरहा नगरपालिका-१७ का प्रविन यादवले बताउनुभयो । "पुलका कारण बर्खाको समयमा आफ्नै खेतबारीमा पुग्न पनि गाह्रो हुन्छ। आवागमनमा सास्ती हुनुका साथै यस क्षेत्रको आर्थिकस्तर, व्यापार-व्यावसायमा कमी हुँदै आएको छ", उहाँले भन्नुभयो।

यहाँका सर्वसाधारणलाई प्रदेशको राजधानी जनकपुरधाम आवतजावत गर्न निकै सास्ती भोग्नु परिरहेको छ।

बाढीले आवतजावत प्रभावित भएपछि सिरहाका नागरिक गम्भीर प्रकृतिको उपचार गराउन जनकपुरधाम वा कोशी प्रदेशको राजधानी विराटनगर पुग्न समस्या हुने गरेको यादवको भनाइ छ । सिरहाबाट जनकपुरधाम पुग्न हुलाकी राजमार्गबाट ३० किलोमिटर पर्दछ भने महेन्द्र राजमार्ग भएर जाँदा ९० किलोमिटर पर्दछ ।रासस

## मिडिया काउन्सिल विधेयकको प्रावधानप्रति सरोकारवालाको ध्यानाकर्षण




काठमाण्डु। मिडिया क्षेत्रका विज्ञ तथा सरोकारवालाले 'मिडिया काउन्सिल'सम्बन्धी विधेयकका प्रावधानप्रति असहमति जनाएका छन्। नेपाल नेटवर्कले बिहीबार आयोजना गरेको मिडिया काउन्सिल विधेयक अन्तर संवाद कार्यक्रममा मिडिया क्षेत्रका विज्ञ तथा सरोकारवालाले विधेयक पुर्नलेखन गर्नुपर्ने मागगरेका छन्।

कार्यक्रममा सांसदहरुले विधेयक जस्ताको तस्तै पारित हुन नदिने र विधेयकमा दर्जनौँ प्रावधान सच्याउने प्रतिबद्धता जनाएका छन्। अर्धन्यायिक निकायका रूपमा रहेको मिडिया काउन्सिल वा प्रेस काउन्सिललाई सरकारले निर्देशन परिपालक बनाउन खोजेको तथा संविधानमा उल्लेखित पूर्ण प्रेस स्वतन्त्रताको आधारभूत अवधारणामाथि नै अतिक्रमण गर्न खोजेको विज्ञहरुको टिप्पणी छ।

नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष डा सुरेश आचार्यले अहिलेको राष्ट्रियसभाको विधायन समितिमा रहेको विधेयक जस्ताको तस्तै पारित भए मिडिया जगतले पूर्ण बहिष्कार गरेर अगाडि बढ्ने बताउनुभयो। सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिले काउन्सिलको अध्यक्ष नियुक्त गर्ने प्रावधान कानुन सचिवले न्यायाधीश नियुक्ति गरेजस्तै भएकाले त्यसमा उहाँले असहमति जनाउनुभयो। विधेयकराष्ट्रियसभामा ल्याउनुअघि सञ्चार मन्त्रालयले डा आचार्यको संयोजकत्वमा गठित विज्ञ समूहमार्फत मस्यौदा तयार गर्न लगाएको थियो। विज्ञ समूहले बुझाएका सबै विषय फेरबदल गरेर विधेयक आएको पूर्व अध्यक्ष डा आचार्यको भनाइ छ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले विधेयकको सैद्धान्तिक अवधारणा पत्रमा नै दर्जनौँ अस्पष्टता रहेको बताउनुभयो। प्रेस काउन्सिल स्वायत्त, स्वतन्त्र र जिम्मेवार निकायको मर्मलाई आत्मसाथ गर्दै विधेयक आउनुपर्नेमा सरकार अन्तरगतको विभाग बनाउने गरी विधेयक आएको उहाँको भनाइ छ ।रासस

## दिगो विकासका लागि पूर्वाधार निर्माणमा जनसहभागिता आवश्यक : पूर्वमन्त्री यमी

काठमाण्डु । पूर्वमन्त्री एवं नेपाल समाजवादी पार्टीकी नेत्री हिसिला यमीले दिगो विकासका लागि भौतिक पूर्वाधार निर्माणमा राजनीतिक नेतृत्वसँगै जनसहभागिता पनि आवश्यक रहेको बताउनुभएको छ।

राष्ट्रिय समाचार समिति (रासस)द्वारा गणतन्त्र दिवस-२०८१ का अवसरमा आयोजित 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको बुधबार अवलोकनपछि उहाँले भन्नुभयो, "कुनै पनि क्षेत्रको दिगो विकासका लागि भौतिक या अन्य पूर्वाधारको निर्माणलाई स्थानीयतासँग जोड्नुपर्छ र यसमा जनताको अधिक सहभागिता हुनुपर्छ।"

नेत्री यमीले भौतिक पूर्वाधारको निर्माणलाई स्थानीयको सहभागितासँग जोडेर मात्र अघि बढाउनुपर्ने र सो पूर्वाधारको विकासमा हरेक नागरिकले अपनत्व ग्रहण गर्न सक्ने हुनुपर्ने आवश्यकता पनि औँल्याउनुभयो।

"विकासमात्र गरेर पुग्दैन यसलाई अपनत्वसहित तल्लोतहसम्म व्यक्तिको जनजीवन र सीपसँग जोडनुपर्छ। निर्यातसँग पनि जोडनुपर्छ । सबै प्याकेजमा हुनुपर्छ", नेत्री यमीले भन्नुभयो । उहाँले देशभरका विभिन्न स्थानमा सडक सञ्जाल पुगेको र सडक पुगेसँगै कतिपय जिल्लामा एकतर्फी रूपमा बाह्य आयात वृद्धि भएको अवस्था औँल्याउँदै सडक मार्गको विकास र विस्तारपछि बसाइँसराइ बढेको तर स्थानीय परम्परागत सीप र सामग्रीको विकास निर्यात हुन भने नसकेको भन्दै यसबारेमा पनि अब सोच्नुपर्ने धारणा राख्नुभयो। उहाँले अधिकांश सडकमार्ग सुरक्षित एवं राम्ररी सवारी यात्रा गर्ने अवस्थामा नरहेकाले यसको स्तरोन्नति र विकासमा सम्बद्ध निकायको ध्यान पुग्नुपर्ने बताउनुभयो।

नेत्री यमीले सडक सञ्जाल विस्तारलाई स्थानीय उत्पादन र व्यापारसँग जोड्न सकिने सुझाव दिँदै भन्नुभयो, "बृहत रूपमा हेर्दा केही भएको देखिन्छ । तर सुक्ष्म रूपले हेर्दा सेवा प्रावह पुगिरहेको छैन। सडक निर्माण र विस्तारमा मात्रै पनि सरकारले धेरै लगानी गरेको छ । जनताले के पाए ? हामीले सडक पुगेका ठाउँबाट के निर्यात गर्न सकेका छौँ ? 'माइक्रो' र 'म्याक्रो' दुवैको संयोजनबाट मात्र विकास हुनुपर्छ।"

उहाँले पूर्वाधार निर्माणलाई आर्थिक व्यवहारिकतासँग पनि जोड्न सक्नुपर्ने बताउनुभयो । देशभर पूर्वाधार निर्माण भएको र यसपछि पनि स्थानीय नागरिक यसबाट लाभान्वित हुन नसकिरहेकाले भौतिक पूर्वाधारलाई आर्थिक व्यवहारिकतासँग जोड्न आवश्यक रहेको उहाँको सुझाव थियो । यसका लागि आवश्यक वातावरण बनाउन राजनीतिक नेतृत्व जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो।


पूर्वमन्त्री यमीलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र महाप्रबन्धक सिद्धराज राईले तस्बिर प्रदर्शनीमा राखिएका तस्बिरहरूबारे अवगत गराउनुभएको थियो। गत जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनी यही असार १० गतेसम्म सञ्चालन हुनेछ ।रासस

### तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कंर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कूम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जनता आवासको रकम भुक्तानी माग

**टुडे समाचारदाता**

रौतहट । मौलापुर नगरपालिकामा विकास निर्माणका विभिन्न निर्माणाधीन कामहरुको भुक्तानी माग्दै ज्ञापनपत्र बुझाएको छ।

जनता आवास कार्यक्रम अन्तर्गत घरको भुक्तानी तथा पथरा बुधरामको भकुवा खोलामा अधुरो पुलको काम सम्पन्न गराउन संघर्ष समिति मौलापुरले प्रमुख जिल्ला अधिकारी हिरालाललाई ज्ञापन पत्र बुझाउँदै माग गरेको छ।

संघर्ष समितिको तर्फबाट आजपा निकट आम दलित मोर्चाको अध्यक्ष ठागा दास, युवा नेता लखिन्दर यादव, मौलापुर नगर प्रवक्ता चन्देसवर बैठा, आम दलित मोर्चाको सहइन्चार्ज बिरचन राम, आजपाको नेता लखिन्दर साह र आम विद्यार्थी मोर्चाको अध्यक्ष विवेक साह लगायत नेताहरुद्वारा बुझाइएको



ज्ञापन पत्रमा माग पुरा नभए यही आषाढ ११ गते देखि विकास पूर्वाधार कार्यालयमा तालाबन्दी गर्ने घोषणासमेत गरेको छ।

सो ज्ञापन पत्रमा, 'मौलापुर नगरपालिकाको विभिन्न वार्डमा जनता आवास कार्यक्रम अन्तर्गत बनेका निर्माणाधीन घरहरूको सन् २०७८ सालमा तत्कालीन कार्यालय प्रमुख राजेन्द्र साहद्वारा शिलान्यास भई आवश्यक सबै कागजात बुझाई माइनुटिङ समेत भएपनि ३ वर्ष देखि हालसम्म यसको भुक्तानी नभएको जानकारी गराउन चाहन्छौं। साथै मौलापुर नगरपालिका वार्ड नं ६ स्थित पथरा बुधराममा रहेको भकुवा खोलामा लगभग १० वर्ष पहिले सुरु भएको पुल निर्माणको कार्य हालसम्म सम्पन्न नहुनु आफैमा दुर्भाग्यपूर्ण हो।' भनिएको छ।

यसका लागि पटक पटक ताकेता गरिए पनि कुनै चासो नलिएको र बारम्बार सो पुलको ठेक्का सम्बन्धी कुनै कागजात समेत उपलब्ध नगराइएको कारण आफूहरूले सास्ती भोग्नु परेको ज्ञापन पत्रमा उल्लेख छ।

# राजूदतमा भागबण्डा

## एमालेलाई ८, रास्वपालाई २, माओवादीलाई १ मात्रै

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ प्रमुख तीन दलले राजदूतको भागबण्डा मिलाएका छन्।

सिंहदरबारमा बिहीबार बसेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एमाले अध्यक्ष केपी ओली र रास्वपाका अध्यक्षसमेत रहेका गृहमन्त्री



रवि लामिछानेबीचको छलफलले हाल खाली रहेको ११ देशको राजदूतमा भागबण्डा मिलाएको छ।

जेठ २४ गते बसेको मन्त्रिपरिषद् बैठकबाट भारत, अमेरिका, बेलायत, साउदी अरेबिया, दक्षिण कोरिया, मलेसिया, स्पेन, डेनमार्क, इजरायल, कतार र पोर्चुगल गरी ११ देशको राजदूत फिर्ता बोलाएको थियो।

तीन नेताबीचको छलफलबाट एमालेले आठ देशको राजदूत पाउने भएका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टीले दुई र माओवादीले एक देशको राजदूत पाउने गरी भागवण्डा भएको स्रोतले जनाएको छ।

# वीरगञ्जमा लागूऔषधसहित ३ पक्राउ



पर्सा । लागूऔषधसहित वीरगञ्जबाट ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा कास्की पोखरा महानगरपालिका-३ का २० वर्षीय सरोज रानामगर, २० वर्षीय अनुप थापा क्षेत्री र बारा जीतपुर सिमरा उपमहानगरपालिका-१६ का २० वर्षीय कुशल मगर रहेका छन्।

उनीहरुलाई प्रहरीले मंगलबार दिउँसो करिब साढे ३ बजे वीरगञ्ज महानगरपालिका-१६ स्थित शंकरचार्य गेटबाट लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पर्सा र इनर्वा प्रहरी चौकीबाट खटिएको संयुक्त प्रहरी चेकिङ टोलीले नियमित जाँच गर्ने क्रममा पक्राउ गरेको छ। शंकास्पद रुपमा भारतबाट पैदल आउँदै गर्दा उनीहरुलाई प्रहरीले रोकेर खानतलासी गर्दा अनुप थापा क्षेत्रीले बोकेको रातो झोलाभित्र लुकाइछिपाई राखिएको प्रतिबन्धित लागूऔषध डाईजेपाम-४० एम्पुल, फेनारगन-४० एम्पुल, नुरफिन-४० एम्पुल फेला परेको थियो।

उनीहरुलाई नियन्त्रणमा लिई लागूऔषधसम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दीपक भारतीले जनाए।

ब्राउन सुगरसहित एक पक्राउ

सिरहामा प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित एक जनालाई प्रहरीले पक्राउ गरेका छन्। जिल्लाको भगवानपुर गाउँपालिका-४ स्थित ठाडीबाट एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा लहान नगरपालिका-८ का १८ वर्षीय मनिष कुमार चौधरी छन्।

उनको साथबाट ५० ग्राम ब्राउन सुगर बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

कालो झोला बोकेर आइरहेको अवस्थामा प्रहरीले चेकजाँच गर्दा झोलाबाट ब्राउन सुगर बरामद भएको सिरहाका प्रहरी उपरीक्षक रमेश पण्डितले बताए।

अदालतबाट बिहीबार म्याद थपेर आरोपी माथि थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक पण्डितले बताए।

# गरुडा नगरपालिकाको बजेट अधिवेशन सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिकाको ११औं नगरसभा तथा आठौं बजेट अधिवेशन सम्पन्न भएको छ।

रौतहटमा पहिलो कटहरिया नगरपालिका र दोस्रो पालिकाको रुपमा गरुडा नगरपालिकाले बिहीबार आफ्नो नगरसभा तथा बजेट अधिवेशन सम्पन्न गरेको छ। सबै पालिकाले असार मसान्तभित्रमा नगरपरिषद् सम्पन्न गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याइसक्नुपर्ने कानुनी प्रावधान रहेकोले गरुडा नगरपालिकाले बिहीबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ।

गरुडा नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा वितिय समानीकरण अनुदान १३ करोड ७९ लाख,राजश्व बाडफाँड तर्फ ११ करोड ५३



लाख, आन्तरिक आय ३ करोड ८३ लाख ५० हजार, संघिय सरकारबाट प्राप्त सशर्त अनुदान चालु २३ करोड ७५ लाख ९ हजार, संघीय सरकारवाट प्राप्त सशर्त अनुदान पुजिंगत ८ करोड, संघीय विशेष अन्दान ५ करोड ५० लाख, संघीय समपुरक अनुदान १ करोड पचास लाख, प्रदेश राजश्व वा'डफाडबाट प्राप्त अनुदान ८० लाख, प्रदेश समानीकरण अनुदान १ करोड, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश समपूरक अनुदान २० लाख समेत गरी जम्मा ७० करोड २० हजर ५९ हजार अनुमानित बजेट प्रस्तुत गरेको छ।

मधेश प्रदेशका युवा तथा खेलकुद मन्त्री प्रमोद तजयसवालको प्रमुख आतिथ्यता तथा गरुडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद जयसवालको अध्यक्षतामा भएको नगर सभामा आर्थिक वर्ष २०८१/०८२ का लागि ७० करोड २० लाख ५९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरिएको छ।

नगर उपप्रमुख पुनम कुमारी चौधरीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेट प्रस्तुत गरिन्। संघीय र प्रदेश सरकारको वित्तीय समानीकरण, विशेष अनुदान, सशर्त अनुदान, राजस्व बाँटफाँट, समपूरक अनुदान, आन्तरिक आयलगायत गरी बजेट प्रस्तुत गरिएको नगर प्रमुख जयसवालले बताए। शिक्षा, स्वास्थ्य, कृषि, यातायात, खानेपानी, विद्युत, भौतिक पूर्वाधार निर्माण कार्यलगायतलाई विशेष प्राथमिकतामा राखेर बजेट ल्याइएको उनले बताइन्।

सो कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद मुस्ताक आलमले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा नगर उपप्रमुख पुनम कुमारी चौधरी, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य, अन्य जनप्रतिनिधि, इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी, विभिन्न पार्टीका नेता, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

# वडा अध्यक्षलाई कार्यवाहक मेयर र उपमेयरको जिम्मेवारी



**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको जलेश्वर नगरपालिकाका मेयर र उपमेयरसमेत भ्रष्टाचार आरोपमा निलम्बनमा परेपछि वडा अध्यक्षलाई नै कार्यवाहकको जिम्मेवारी तोकिएको छ।

नगरपालिकाले वडा नं. ९ का वडा अध्यक्ष रवीन्द्र यादवलाई कार्यवाहक मेयरको जिम्मेवारी मिलेको छ भने वडा नं. ३ का अध्यक्ष रतन चौधरीलाई कार्यवाहक उपमेयरको जिम्मेवारी मिलेको छ।

जलेश्वर नगरपालिकाको कार्यपालिका सदस्यहरूको बैठकबाट बहुमतीय प्रणालीले चयन गरेको प्रमुख प्रशासकीय अधिकृत जयकुमार साहले जनाए।

वैशाख २७ गतेका दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जलेश्वर नगरपालिकाको मेयर सुरेशप्रसाद साह र उपमेयर रौशन खातुन लगायत १२ जनामाथि विशेष अदालतमा आरोपपत्र दायर गरेपछि सो पद रिक्त रहेको थियो।

# असल नियत राख्नेसँग सहकार्य हुन्छः अर्थमन्त्री पुन

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले करदातालाई कर तिर्न प्रेरित गर्नका लागि मातहत निकायलाई निर्देशन दिनुभएको छ। चालु आर्थिक वर्षको अन्तिम महिनामा राजश्व संकलन बढाउने उद्देश्यले कर र राजश्व प्रशासनसँग सम्बन्धित वरिष्ठ कर्मचारीहरुलाई विहिबार मन्त्रालयमा बोलाएर उहाँले सामूहिक निर्देशन दिनुभएको हो ।"करदातालाई अनुचित ढङ्गले दबाब दिने होइन उचित ढङ्गले कर तिर्न प्रेरित गरौँ", उहाँले भन्नुभयो, "राज्य करदाताको अभिभावक पनि हो। 'डिक्टेटर' जस्तो व्यवहार नगरी सहजीकरण गर्नुपर्छ, सहकार्य गर्नुपर्छ।"

उहाँले असल नियतले काम गर्ने करदाताका जायज गुनासा सुन्न र कानूनले मिलेसम्म सम्बोधन गर्न पनि पनि निर्देशन दिनुभयो। तर, अनुचित र गलत प्रवृत्तिको संरक्षण गर्न नसकिने उहाँले स्पष्ट पार्नुभयो । खराब प्रवृत्तिसँग राज्यले राज्यकै रुपमा प्रस्तुत हुने उहाँको भनाइ थियो।"कडाइ गर्नुपर्ने ठाउँमा कडाइ र खुकुलो गर्नुपर्नेमा खुकुलो गर्नुपर्छ", उहाँले भन्नुभयो, "राम्रा करदातासँग असल र मैत्रीपूर्ण व्यवहार गर्नुस्। कर छल्ने गलत प्रवृत्तिसँग भने राज्यले राज्यकै रुपमा प्रस्तुत हुनुपर्छ।" लगानी गरेर असल नियतले नाफा कमाउन चाहने उद्योगी-व्यवसायीलाई सहजीकरण गर्नु राज्यको दायित्व भएकाले त्यसमा कुनै कमी नहुन पनि उहाँले निर्देशन दिनुभयो।

"असल तवरले लगानी गरेर नाफा कमाउनुस्। राज्यले त्यसका लागि सहजीकरण गर्छ। तर, जसरी हुन्छ मुनाफा आर्जन गर्नुपर्छ भन्ने प्रवृत्तिलाई पनि निरुत्साहित गरिन्छ", मन्त्री पुनले भन्नुभयो । उहाँले राजनीति, प्रशासन र व्यवसाय सबैतिर स्वार्थ समूह रहेको चर्चा गर्दै स्वार्थ समूहबाट अलग रहन कर्मचारीलाई आग्रह गर्नुभयो। उहाँले आफूले अमूख व्यावसायिक घरानाको पक्ष वा विपक्षमा काम गर्न कहिल्यै संकेतसम्म नरहेको भन्दै सबैलाई काम गर्ने वातावरण दिएको उल्लेख गर्नुभयो। तर, सेवाप्रवाहमा ढिलासुस्ती र अनावश्यक हैरानी दिने काम भए स्वीकार्य नहुने बताउनुभयो। सेवा प्रवाह पारदर्शी, वैज्ञानिक र छिटोछरितो बनाउन मन्त्री पुनको निर्देशन थियो । "तपाईंहरु सबैलाई म भन्न चाहन्छु कि सेवाग्राहीका काममा ढिलासुस्ती नगरौँ", उहाँले भन्नुभयो, "आफू पनि सेवाग्राही भएर एकपटक सोच्नुस कि सेवाप्रवाहमा ढिला हुँदा कस्तो महसुस गर्नुहुन्छ।"



फरक प्रसंगमा उहाँले चालु आर्थिक वर्षको बजेटमा स्रोतको अनुमान वस्तुवादी नभएकाले राजश्व सङ्कलनको लक्ष्य भेटाउन कठिन रहेको औंल्याउनुभयो। बजेटमार्फत निर्धारण गरिएका राजश्वसहित अन्य स्रोतका अनुमान नमिल्दा आममानिसमा बजेटप्रतिको विश्वसनीयता नरहने अवस्था आएकाले यसपटक सच्याउन खोजिएको उहाँले बताउनुभयो । "विगतदेखि नै हाम्रो बजेट र स्रोतको अनुमान मिल्ने गरेको छैन । त्यसले बजेट निर्माणमै गम्भीर प्रश्न उठेको थियो", उहाँले भन्नुभयो, "यसपटक हामीले मानिसहरुले पत्याउने गरी यथार्थपरक रुपमा बजेट र स्रोतको लक्ष्य निर्धारण गरेका छौं। बजेटको आकार र राजश्व सङ्कलनको लक्ष्य वस्तुगतरुपले नजिक ल्याएका छौं।"

मन्त्री पुनले चालु आर्थिक वर्षमा सरकार आफैं निर्धारण गरेका लक्ष्यको एक चौथाइ स्रोत पनि जुटाउन नसक्नु गम्भीर विषय भएकाले यसपटक सच्याउने प्रयास गरिएको स्पष्ट पार्नुभयो । "अरुलाई ढाँट्न सकिन्छ। आफैंलाई ढाँट्न सकिँदैन। आर्थिक वर्ष सकिनै लाग्दा हामीमाथि सबैले प्रश्न गर्छन्। जवाफ दिन हामीले आफूलाई तयार राख्नैपर्छ।"

त्यसक्रममा अर्थसचिव मधुकुमार मरासिनी र राजश्व सचिव डा रामप्रसाद घिमिरेले चालु आर्थिक वर्षको अन्तिम महिना असारमा बक्यौता असुलीलाई तीव्रता दिन निर्देशन दिनुभयो । उहाँहरुले चालु आर्थिक वर्षको राजश्व सङ्कलनको अन्तिम लक्ष्य भेट्न अधिकतम प्रयास गर्नुपर्नेमा जोड दिनुभयो । गत आवको तुलनामा आर्थिक वृद्धिदरमा सुधार भएको अवस्थामा राजश्व सङ्कलन सन्तोषजनक हुन नसक्नुको कारणबारे समीक्षा हुने सचिवद्वयको भनाइ थियो । आन्तरिक राजश्व विभागका प्रमुख शिवलाल तिवारी र भन्सार विभाग प्रमुख ढुण्डीप्रसाद निरौलाले राजश्व सङ्कलनको अवस्था, चुनौती र सम्भावनाबारे प्रस्तुति दिनुभएको थिए । छलफलमा मन्त्रालयका विभागीय प्रमुखहरु दुवै विभागका महानिर्देशक, उपमहानिर्देशक र निर्देशकहरु, काठमाडौँस्थित कार्यालय प्रमुखहरु, कर र राजश्व प्रशासनका अधिकृतहरु उपस्थित थिए । उपत्यकाबाहिरका कार्यालय प्रमुखले पनि भर्चुअल माध्यमबाट सहभागिता जनाउनुभएको थियो ।रासस

# प्रत्यक्ष निर्वाचनमा महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्नेमा जोड

काठमाण्डु । नेपाली कांग्रेसमा आवद्ध नेताहरुले प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता बढाउन छुट्टै सिट निर्धारण गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाल महिला सङ्घले विहिबार अयोजना गरेको कार्यक्रममा सहभागीले निर्वाचनमा सबै राजनीतिक दलले थोरै संख्यामा महिला उम्मेदवार बनाउने गरेकाले विजयी हुनेको संख्या पनि कम हुने भन्दै महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको हो।

कार्यक्रममा कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले प्रत्यक्ष निर्वाचनमा महिलाका लागि छुट्टै सिट निर्धारण गर्नुपर्ने विषय सकारात्मक रहेको बताउनुभयो । "प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता बढाउन अलग्गै सिटको व्यवस्था गर्नुपर्छ भन्ने सकारात्मक विषय हो", उहाँले भन्नुभयो। त्यसअघि पार्टीभित्र हुने अन्तर्घात अन्त्य गर्न सके महिलाले थप अवसर पाउने उहाँको भनाइ छ।

सभापति देउवाले मुलुकमा भएको समावेशी समानुपातिक व्यवस्थाले महिलालाई राज्यका हरेक क्षेत्रमा स्थान दिएको र उक्त व्यवस्थाले आगामी दिनमा पनि अझ सशक्त र प्रभाकारी भूमिका निर्वाह हुँदै जाने अपेक्षा गर्नुभयो । संसारमा महिला अधिकार र समावेशी समानुपाति व्यवस्थाका विषयमा आवाज उठिरहेको भन्दै उहाँले नेपालमा यसको उपलब्धिकारुपमा राष्ट्रपति पदमा महिला सहभागी भइसकेको उल्लेख गर्नुभयो।

भोलिका दिनमा यस्तै महत्वपूर्ण जिम्मेवारीमा महिला आउन सक्ने बताउँदै सभापति देउवाले त्यसका लागि तयारी गरेर आफूलाई योग्य र सक्षम बनाउन सबै महिलालाई आग्रह गर्नुभयो । कार्यक्रममा कांग्रेस वरिष्ठ नेता डा शेखर कोइरालाले महिलाले राजनीतिक सशक्तिकरणका साथै आर्थिक र सामाजिक सशक्तिकरण पनि आफूलाई सक्षम बनाउँदै लैजानुपर्ने बताउनुभयो । उहाँले विद्यमान आरक्षणको प्रतिशत वृद्धिको मागसँगै त्यसका लागि आफू सक्षम हुनुपर्नेमा जोड दिनुभयो।

नेता कोइरालाले संविधान संशोधन गरेर भए पनि आगामी दिनमा प्रत्यक्ष निर्वाचनमा महिलाले मात्र प्रतिस्पर्धा गर्नेगरी सिट निर्धारणको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । महामन्त्री विश्वप्रकाश शर्माले समाजमा देखिएका महिला हिंसा र द्वन्द्व न्यूनीकरणका लागि महिला सङ्घले नेतृत्वदायी भूमिकाका साथ अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले महिला सङ्घसँग राजनीतिक सङ्घर्षको लामो इतिहास भएको उल्लेख गर्दै समाजमा शान्ति कायम गर्न, थिति स्थापित गर्न सङ्घ लाग्नुपर्ने धारणा राख्नुभयो।

कांगेस प्रवक्ता डा प्रकाशशरण महतले अभिव्यक्ति स्वतन्त्रता नभएसम्म कसैले पनि अधिकार नपाउने भएकाले कांग्रेसले समयसमयमा विभिन्न राजनीतिक आन्दोलन गर्नुपरेको बताउनुभयो । उहाँले प्रत्यक्ष निर्वाचनमा महिलाले मात्र प्रतिस्पर्धा गर्ने व्यवस्था गर्न संविधान संशोधनतर्फ जानुपर्नेमा जोड दिनुभयो।

उषा राउत मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस नेत्री पुष्पा भुसाल, कांग्रेस नेत्री एवं पूर्वमन्त्री सीता गुरुङलगायले कांग्रेसभित्र महिलामैत्री वातावरण रहेको बताउनुभएको थियो । संविधान, विभिन्न कानुन र पार्टी विधानमा भएका महिला अधिकार, समावेशी समानुपातिसम्बन्धी व्यवस्था कार्यान्वयनमा उहाँहरुले जोड दिनुभएको थियो ।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लकजरी भिडियो कोच बस खुल्ने जा रहि हैं।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।




टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।






प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

# आज अन्तर्राष्ट्रिय योग दिवस, गरौं योग, रहौं निरोग'

## सम्पादकीय

## योगाभ्यास आवश्यक

स्वस्थ्य जीवन र स्वच्छ विचारका लागि योगाभ्यास आवश्यक छ। अहिले संसारभरि नै योगाभ्यासलाई मानवले दिनचर्यामा समावेश गर्न थालेका छन्। जीवनलाई निरोग राख्न योगभन्दा प्रभावकारी अर्को उपाय छैन। व्यस्त जीवनमा खानपान, तनाव, समयमा सुत्ने र उठ्ने लगायतको समस्याले अनेक रोग निम्तिने गरेको छ। तनाव घटाउन पनि योग महत्वपूर्ण छ। असाध्य रोगहरु पनि योगाभ्यासले नियन्त्रण मात्र नभै निर्मूल समेत हुने गर्छ। योगको लोकप्रियता अत्यधिक बढ्नुको कारण त्यसको प्रभावकारिता नै हो। विश्वभरिका मानिस योगाभ्यासमा अभ्यस्त हुन थालेका छन्। नेपालमा योग दिवस मनाइने गरिन्छ। विश्व योगदिवस भव्यताका साथ मनाइन्छ। हरेक वर्ष भारतीय राजदूतावास काठमाण्डु र भारतीय महावाणिज्य दूतावास वीरगञ्जले सप्ताहव्यापी रुपमा विश्व योगदिवस मनाउने गरेका छन्। यस वर्ष पनि राजदूतावासले काठमाण्डुमा र वाणिज्य दूतावासले चितवन, रौतहट, जनकपुरधामलगायतका स्थानमा योग दिवस मनाएका छन्। भारतले योगलाई संसारभरि नै दिवसको रुपमा मनाउन संयुक्त राष्ट्र संघबाट प्रस्ताव नै पारित गराएको हो। योगको विभिन्न प्रोटोकल मध्ये विश्व योगदिवसका लागि निर्धारण गरिएको प्रोटोकलहरुको योगाभ्यास गराइन्छ। योगाभ्यासलाई निरन्तरता दिन योग दिवसले प्रेरित गर्छ। विश्व योग गुरु स्वामी रामदेवले संसारमा योगको प्रचारप्रसार गरिरहेका छन्। योगलाई जीवनशैलीमा ल्याउन योग गुरु रामदेवले दिएको योगदान महत्वपूर्ण छ। योग परापूर्वकालदेखि चल्दै आए पनि पछिल्लो दशकहरुमा त्यसलाई हरेक मानिस सम्म पुर्‍याउन र अभ्यास गराउन संगीतमय योगाभ्यास गराइएको छ। टीभी च्यानलहरुमा योगाभ्यासको प्रत्यक्ष प्रशारणले पनि मानिसहरुलाई प्रेरित गरेको छ। नेपालमा पनि योगका लागि विभिन्न स्थानहरुमा समितिहरु बनेका छन्। योग शिविरहरु सञ्चालनमा छन्। नेपालमा दैनिक योग गर्नेहरुको यकिन तथ्यांक नभए पनि केही लाख मानिसहरुले नित्य योगाभ्यास गरिरहेका छन्। योगलाई हरेक व्यक्तिले आफ्नो दिनचर्यामा अनिवार्य रुपमा सामेल गर्नुपर्छ। औषधिकै भरमा बाँच्ने कतिपय मानिसहरुले योगाभ्यास गर्न थालेपछि औषधिको खर्च धेरै जोगाएका छन्। औषधिमा आश्रित भएर जिउने मानिस योगाभ्यासले औषधि बिना नै स्वस्थ्य भएर आनन्दको जीवन व्यतीत गरिरहेका छन्। योगले मानिसलाई तनावमुक्त बनाएर अहिंसात्मक बनाउन छन्। योगले संसारमा हुने हिंसात्मक गतिविधिलाई न्यून गर्न मद्दत गर्छ। नेपालमा योगप्रतिको आकर्षण बढाउन भारतीय राजदूतावासले गरिरहेको प्रयास अत्यन्त सकारात्मक र प्रशसंनीय छ। भारतीय दूतावासले आयोजना गर्ने योग दिवसमा भारी संख्यामा मानिसहरुको सहभागिता हुनु योगप्रति नेपालीहरु सचेत रहेको प्रष्ट्याउछ। भारतले नेपालमा योगको प्रचारप्रसारका लागि गरिरहेको कार्य प्रशंसनीय छ।

**अनिल तिवारी**

योग लगभग ५हजार बर्ष भन्दा अगाडि देखि भारत बर्षमा सुरु भएको हो। यसको नित्य प्रयोगबाट मानिस शारीरिक, भावनात्मक र आध्यात्मिक रुपले स्वस्थ्य रहनुका साथै शारिरिक तथा मांसिक लगायत संम्पूर्ण विकासमा ठुलो मदद पुगने गर्दछ। मानिसको जीवन रहस्मय छ, ऊ बाँचेको जगत् पनि। उसैले हो जीवनमा सुख, शान्ति र समृद्धि प्राप्त गर्ने पनि। यसको एउटा र मुख्य आधार भनेको योग र ध्यान हो। धेरैलाई भ्रम छ- ठूलो कुरो पाउन ठूलै चिज खोज्नुपर्छ; लाखौं-करोडौं खर्च गर्नुपर्छ। तर सानोबाटै ठूलो कुरो पाइन्छ र थोरैबाट धेरै पाइन्छ भन्ने त मानिसले प्रयोगमा ल्याएपछि मात्र प्रमाणित हुन्छ र बुझ्छ।

योग र ध्यानबाट प्राप्त हुने ऊर्जाले मानिसलाई मानिससँग मात्र होइन, हरेक जीव र चराचर जगत्का अनेक आयामसँग योग गराउँछ। सूचना प्रविधिको यो अत्याधुनिक समयमा विज्ञानमाथि विजय हासिल गरेको मान्छे कोरोनाजस्तो सूक्ष्म जीवाणुका कारण ढोका थुनेर संसारबाट अलग्गिन बाध्य छ। त्यसैले योलगायत विविध जटिल परिस्थितिका लागि योग्य बनाउने योग र ध्यानलाई बेलैमा चिनेर अपनाउनुको विकल्प छैन।

### विश्व योग दिवसको इतिहास

२७सितंबर २०१४मा संयुक्त राष्ट्र को महासभामा भारतीय प्रधानमन्त्री नरेंद्र मोदीले प्राचीन भारतको पम्परा र बहुमूल्य धरोहरको रुपमा रहेको योगको बारेमा भाषण गर्नु भएको थियो। प्रधानमंत्री मोदीले दिएको प्रभावशाली र आश्वस्त भाषणले पुरै वैश्वीक समाजलाई विश्ववस्त बनायो। योगको वारेका उहाले प्रस्तुत गर्नुभएको तर्क र तथ्य माथि जोर दिदै योग मानव र प्रकृतिको बीच तालमेल बढ़ाउने सहायक सिद्ध हुने सवैमा विश्वास स्थापित भयो।उहाले पेश गरेको प्रस्तावको प्रशंसा गर्दै ११ दिसंबर २०१४ को महासभाका १९३ सदस्य देशहरुले २१जूनमा विश्व योग दिवस मनाउने प्रस्ताव पारित गरे।त्यसपछि हरेका २१ जूनका दिन अंतर्राष्ट्रीय योग दिवस मनाउन थालिएको हो।जसमा पहिलो विश्व योग दिवस नई दिल्लीको राजपथमा आयोजित योग सत्रमा पुरै विश्वका करिब ३५००० मान्छैहरु सामुहिक रुपमा योग गरेका थिए। त्यसबर्ष देखि प्रत्येक वर्ष पुरै विश्वमा २१ जुनको दिन विश्व योग दिवस मनाउने गरिएको छ।

योगको प्रचार-प्रसारमा भारतले खेलेको योगदान

योग कुनै धर्म होइन, विज्ञान हो। आम मानिसको बुझाइ यसरी भएको पाइँदै।

ध्यान प्रतिको बुझाइ पनि आडम्बरी छ। सागर मन्थन गरेपछि मोती टिप्न सकिन्छ भन्ने बुझ्नेहरू नै हो डुबुल्की मार्नेहरू पनि। शान्ति र आनन्द खोज्न जीवनभर समय र पैसा खर्चिनेले ध्यान नबुझ्दा नै हो हरक्षण अशान्ति बनिरहने र द्वन्द्वमा अल्झिरहने। 'मन अशान्त हुन्छ, यसलाई नियन्त्रण गर्न कठिन छ तर ध्यानको अभ्यासद्वारा मनदेखि पार हुन सकिन्छ', श्रीमद्भगवद्गीतामा भनिएकै छ।

हिन्दु धर्मशास्त्र अनुसार मनाउदै आएको योगको



बारेमा भारतीय प्रधानमन्त्री र उहको सरकारले खेलेको भूमिकालाई विर्सन सकिदैन।पुरै विश्वलाई योगको महत्व बुझाउदै संयुक्त राष्ट्रसंघको महासभाबाट पारित गराउनुका साथै विश्वमा रहेको भारतीय दुतावास तथा मिसनहरुले प्रत्येक बर्ष गर्दै आएको योग दिवसको अवसरका गरिने कार्यक्रमहरुले तिरन्तर्ता पाएको छ।

नेपालमा रहको भारतीय दुतावास तथा वीरगन्ज स्थित भारतीय महाबाणिज्य दुतावासले जुन महिनाको सुरु देखि विश्व योग दिवसलाई एक अभियानकै रुपमा मनाउदै आएको छ।वीरगन्ज,भरतपुर,हेटौडा,रौतहट र जनकपुरमा भारतीय महाबाणिज्य दुतावासले धुमधामका योगको कार्यक्रम आयोजना गरेको छ।जसमा उल्लेखनिय सहभागीता देखिएको छ।यसरी योगका कार्यक्रमले योग प्रतिको आकर्षणलाई बनाउनुका साथै योगको महत्वलाई आम जनतामा बुझाउने सन्देश गएको छ।

### नेपालमा योगको अवस्था

योग दिवसका सन्दर्भमा योगको प्रार्दुभाव नेपालमै भएको र आज क्रमशः विश्वभर फैलिएको भए पनि नेपालीले नै योगको मर्म बुझ्न नसकेको तर्क आउने गर्छन्। सरकारले पछिल्लो समय योग, आयुर्वेद, जडीबुटी र प्राकृतिक चिकित्सामा जोड दिन थालेको छ।

कक्षा ९, १०, ११ र १२ मा ऐच्छिक विषयका रूपमा योग शिक्षा, आयुर्वेद, प्राकृतिक चिकित्सा र जडीबुटी विषयको पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुले यसको महत्त्व बढ्दै गएको छ। व्यावहारिक जीवन हेर्ने हो भने यी चार विषयलाई अनिवार्य विषयको पाठ्यक्रम बनाएर व्यापकता दिन आवश्यक देखिन्छ।

योग विश्वका दुई सयभन्दा बढी देशमा दैनिक रूपमा गरिन्छ। योगले हरेक देशका नागरिक शारीरिक एवं मानसिक रूपमा स्वस्थ हुने मात्र होइन; सकारात्मक, आत्मविश्वासी र सफल पनि हुँदै जान्छ।तत्कालीन सरकारको २०७२ साउन २८ गते बसेको मन्त्रिपरिषद् बैठकले माघ १ गतेलाई




राष्ट्रिय योग दिवस मनाउने औपचारिक निर्णय गर्दै शिक्षा मन्त्रालयलाई जिम्मेवारी सुम्पेसँगै राष्ट्रिय योग दिवस मनाउन थालिएको थियो। तत्कालीन शान्ति तथा पुनःनिर्माण मन्त्री नरहरि आचार्यको प्रस्तावमा मन्त्रिपरिषदले माग १ गतेलाई राष्ट्रिय योग दिवस घोषणा गरेको थियो।

नेपालको सन्दर्भमा निम्न विषयसँग योगलाई आम नागरिकसम्म पुऱ्याउन सके योगको महत्व अझ बढेर जाने थियो। जसले 'गरौं योग, रहौं निरोग' को नारामा मात्रै सीमित नरहेर निम्न महत्वपूर्ण विषयहरुमा समेत नयाँ आयामहरु थप्न भूमिका खेल्ने थियो।

### पर्यटनमा योग

प्राकृतिक सम्पदा र जैविक विविधताले भरिपूर्ण रहेको नेपाल भूमि योगको उद्गमस्थल हो। नाथ सम्प्रदायका शिष्य गोरखनाथले हठयोग ग्रन्थ लेखेको र गौतम बुद्धले योग र ध्यानको साधनाद्वाराा शान्तिको सन्देश छरेको इतिहास हाम्रा सामु प्रष्ट छ। त्यसैले पनि हाम्रो भूमि योग पर्यटनका प्रशस्त सम्भावना रहेको ठाउँ हो।

पर्वतीय क्षेत्रमा पर्यटकहरुलाई अक्सिजनको कमीका कारण उत्पन्न हुने विभिन्न किसिमका नकारात्मक असरहरु न्यूनीकरण गर्दै चेतना तथा आनन्दको विस्तार गर्न योग निकै महत्वपूर्ण छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण शान्त ठाउँहरु नेपालमा प्रशस्त छन्।

हिमाल, पहाड र तराइको त्रिपक्षीय सन्तुलन कायम रहेको सानो क्षेत्रफल भएको हाम्रो देशमा विश्वका पर्यटकहरुलाई आकर्षित गर्ने थुप्रै आधारहरु छन्। जहाँ योगका विभिन्न विधिहरु सहितका ध्यान केन्द्र र साधनास्थलहरु निर्माण गर्न सकिन्छ। जसबाट नेपाललाई छुट्टै पहिचान भएको देशका रुपमा विकास गर्दै आर्थिक समुन्नतमा समेत टेवा मिल्नेछ।

# बन्ने होइन त करोडपति ?



**अचुतकुमार ओझा**

वित्तीय साक्षरताको प्रशिक्षणका सिलसिलामा केही महिनाअघि राजधानीको एक विद्यालयका विद्यार्थीले गरेको प्रश्न आजसम्म मेरो मानसपटलमा गुञ्जिरहेको छ, 'के म पनि करोडपति बन्न सक्छु ?' त्यो १० वर्षको अबोध बालकलाई मैले त्यतिखेर भनेको थिएँ, अवश्य तिमीहरू भाग्यमानी छौ सानो उमेरमै वित्तीय ज्ञान थाहा पाइरहेका छौ, थप कम्पाउडिङ्गको शक्ति थाहा पाउन सकियो भने प्रत्येक महिना केवल रु पाँच हजार अर्थात् एक वर्षमा रु ६० हजार लगानी गरेर वार्षिक १२ प्रतिशत प्रतिफल निकाल्न सक्ने हो भने सजिलै तिमी ३० वर्षमा करोडपति बन्न सक्छौ। यदि ३६ वर्ष तिमी कुर्न सक्छौ भने रु एक करोड ९७ लाखको मालिक हुनेछौ। प्रतिफल दर र लगानी रकम बढाउन सक्ने हो भने त्यो भन्दा अगाडि नै करोडपति हुन सकिन्छ। मैले उक्त कक्षामा दिएको जवाफ र देखाएको टेबल विद्यार्थीहरूले बुझे बुझेनन् थाहा छैन। उनीहरूमा धैर्यता र दृढता हुर्काउन सकियो सकिएन भन्न सक्दिनँ, तर सो बालकको प्रश्नले मलाई हरेक व्यक्ति कसरी करोडपति बन्न सम्भव छ भन्ने विषयले घोची नै रहेको छ।

लगानीमा समय यति धेरै शक्तिशाली हुन्छ, जसले प्रत्येक व्यक्तिलाई कुर्न सक्ने हो भने करोडपति बनाउन सक्ने ल्याकत राख्छ। संसारका असाधारण लगानीकर्ता भनेर कहलिएका वारेट बफेटका सम्बन्धमा दुई हजारभन्दा बढी पुस्तक लेखिएको छ। बफेट धनी हुनुमा उहाँको अब्बल लगानी कला मात्रै नभई नाबालक हुँदादेखिकै अब्बल लगानी हो भन्ने सारांश रहेको भेटिन्छ। बफेटले १० वर्षको उमेरमा लगानी सुरूआत गरेर त्यसलाई फैलाउँदै आफू ३० वर्षको हुँदा एक मिलियन डलर बनाइसकेका थिए।

वास्तवमा उनी उत्कृष्ट लगानीकर्ता मात्रै नभई धीर पनि थिए। उनले अहिले जीवनको नौ दशक पूरा गरी रहदा आठ दशक अर्थात जीवनको करिब ९० प्रतिशत समय लगानीमा बिताइसकेका छन्। 'धन सम्पत्तिको मनोविज्ञान' किताबका लेखक मोर्गन हउजलका अनुसार बफेट सफल लगानीकर्ता त हुन तर संसारकै उत्कृष्ट लगानीकर्ता भनेर भन्न सकिदैन। सन् २०२० मा उनले लेखेको उक्त पुस्तकमा बफेटले लगानीमा औसत प्रतिवर्ष २२ प्रतिशत प्रतिफल पाउने गरेको बताएका छन्। त्यस समयमा उनको सम्पति ८४.५ बिलियन डलर थियो। यदि उनले ६० वर्षमा लगानी गर्न छोडिदिएका भए ११.९ मिलियन मात्रै हुन सक्थ्यो। जुन पुस्तक लेख्दै गरेको समयको करिब ९९.९ प्रतिशत कम हुने थियो। यसको मूलकारण उनको लगानी कुशाग्रता हो तर वास्तविकता भनेको समय हो। यथार्थमा कम्पाउडिङ्ग यस्तै काम गर्छ।

लेखकका अनुसार बफेटले वार्षिक २२ प्रतिशत लगानीमा प्रतिफल निकाल्दै गर्दा हेज फन्ड रिनेसांस् टेक्नोलोजिका प्रमुख, जिम साइमन्सले सन् १९८८ बाट लिएर ६६ प्रतिशत प्रतिवर्षको दरले धनको कम्पाउडिङ्ग गरे। उक्त किताब लेख्दै गर्दा उनको सम्पति २१ बिलियन थियो तर बफेटले त्यसको एक तिहाई मात्रै प्रतिफल निकाल्दै गर्दा समेत साइमन्सको भन्दा ७५ प्रतिशत बढी कमाउन सफल भए। बफेटभन्दा करिब तीन गुणा बढी प्रतिफल निकाल्न सकेर पनि उनी किन कम धनी भए। यसको मूलकारण साइमन्नले ५० वर्षको उमेर पुगेपछि लगानी थालेका थिए। यसले गर्दा उसँग बफेटको जस्तो लामो समय कम्पाउडिङ्ग गर्ने सुविधा थिएन त्यसैको परिणाम दुईबीच यति धेरै सम्पतिको अन्तर पर्न गएको हो। यदि बफेटले जस्तै साइमन्नले पनि लगानी गर्न सकेको भए त्रिसठ्ठी क्विन्टिलियन नौ सय क्वाड्रिलियन सात सय एकासी ट्रिलियन सात सय असी बिलियन सात सय ४८ मिलियन र एक सय आठ हजार डलर हुने थियो। यी आँकडा हास्यास्पद र अव्यावहारिक देखिन्छ तर कम्पाउडिङ्गका कारण यस्तै आँकडाहरूलाई देखाउन सक्छन्। तसर्थ, प्रत्येक व्यक्ति करोडपति बन्न सक्छ र धनी पनि हुन सक्छ तर लगानीमा धैर्यता सबैभन्दा ठूलो ईश्वरीय बरदान हो यसलाई सबैले बुझ्न सकेमा धनको महत्वपूर्ण नियम थाहा पाई सफल लगानीकर्ता हुन सकिन्छ।

अल्बर्ट आइन्स्टाइनले भनेका थिए, 'कम्पाउडिङ्ग विश्वको आठौं आश्चर्य हो।' स्वयम् बफेटले भनेका छन्, 'लगानीमा कुनै चमत्कार छ भने त्यो कम्पाउडिङ्गको तागत हो।' तसर्थ लगानीमा भएका कमजोरी र गल्तिहरू लामो समयपछि फिक्का हुँदै जान्छन्। पछिला वर्षहरूमा सम्पत्ती वृद्धिका दर प्रारम्भिक वर्षहरूको तुलनामा धेरै गुणा रहने गर्छ। यसलाई माथिको टेबलबाट पनि हेर्न सकिन्छ। उक्त टेबलमा थालनीको समयदेखि लगानीको तीस वर्षसम्म रु एक करोड आठ लाख धन जम्मा हुँदा पछिला थप छ वर्षमा रु ९८ लाख थपिने देखिन्छ। यसरी हेर्दा पाँच भाग समय लगाएर जम्मा भएको रकम र पछिलो एक भाग समयमा जोडिएको सम्पत्तिको अंश करिब बराबर देखिन्छ। यसले के देखाउँछ भने कम्पाउडिङ्गको नियमभित्र पनि जति धेरै पछिला वर्ष आउँछन् उति धेरै द्रुत गतिमा सम्पत्ति बढ्नेछ। हरेक व्यक्ति सम्पत्ति कमाउन र रमाउन सक्छ यसका लागि केही ज्ञान, अभ्यास र धेरै धैर्यता राख्ने हो भने यो सजिलै सम्भव देखिन्छ।

लगानीमा अनेकन रणनीति र योजना हुन सक्छ तर प्रत्येक उत्कृष्ट लगानीमा समय सबैभन्दा महत्वपूर्ण हुने गरेको छ। कम्पाउण्डिङ्गलाई बुझ्न सकियो भने लगानीलाई कम जोखिममा बढी प्रतिफलमूखि बनाउन सकिन्छ। यसलाई बुझ्न केही समय लाग्छ तर बुझिसकेपछि यसले दिने लाभ कल्पना गरिएभन्दा बढी देखिन्छ। यसको नतिजा आउन समय लाग्छ तर सजिलै बुझिएको जोडफल भन्दा यो तीन करोड ८७ लाख गुणा बढी हुन जान्छ। यसैले कम्पाउण्डिङ्गले लगानीमा दिने चमत्कार पनि दोस्रो उदाहरण जस्तै हो, जसले परिणाम देखाउन समय लगाउँछ तर अप्रत्यासित फल दिन सक्छ।

जापानी नागरिकहरूमाझ अत्याधिक लोकप्रिय काइजन थेउरी (थोरैबाट प्रारम्भ गरी बानी बसाल्ने सिद्धान्त) र रु पाँच हजारबाट करोडपति सिद्धान्तमा धेरै समानता भेटिन्छ। यस विधिले एकैपटक ठूला कदम उठाउनु भन्दा विस्तारै साना पाइलाहरूबाट सुरुआत गर्न प्रेरित गर्छ। यसले हामीले चाल्ने हरेक साना प्रयासले ठूलो उपलब्धि दिन सक्छ भन्ने विश्वास राख्दछ। सबैभन्दा ठूलो लक्ष्य प्राप्तिका लागि एकै पटक बृहत फड्को भन्दा नियमित थोरै अभ्यासमार्फत आफूमा बानी पार्नु र त्यसलाई बढाउँदै लैजान सक्नु महत्वपूर्ण हुने गर्दछ। उदाहरणका रुपमा हामीले पहिलो दिनमा घन्टौ व्यायम गर्ने र एक हप्तामा फेरी छोड्ने गरेका धेरै देखेका छौं। यसो नगरी सुरुआती दिनमा केही मिनेटबाट थालेर त्यसलाई क्रमशः बढाउदै लैजानेहरूले पछि घन्टौंसम्म व्यायम गर्ने आफ्नो व्यवहारको विकास गर्न सफल हुन्छन्। यो एकै दिनमा नभई प्रत्येक दिन एउटा ढुङ्गा पुलबाट खोलामा फ्याँकेर बाटो बनाए जस्तै हो।

भारतको बिहारमा रहेको गेहलौर गाउँमा दशरथ माझी बस्ने गर्थे। यस ठाउँको अगाडि एक भिमकाय पहाड थियो। यसलाई छिचोलेर अर्को गाउँमा जान असम्भव थियो। यस पहाडले थुप्रैको जीवन निलेको थियो। यस्तैमा उनको श्रीमतीलाई पनि यसले हत्या गरेको थियो। त्यसको वियोगमा उनले अठोट गर्छन् कि म यस हत्यारा पहाड छेडेर बाटो बनाउने छु, यसले कसैलाई निल्न सक्ने छैन। उनी आफ्नो प्रतिज्ञा पूरा गर्न पहाडतिर हातमा हथौडा बोकेर निस्कन्छन्। सारा गाउँबासी र उनलाई देख्नेहरू माझी पागल भयो भन्ने गर्थे तर उन्ले भित्ता कोतार्न छोडेनन्। करिब २२ वर्षको अथक मेहनतपछि एक्लैले बाटो भन्दा ठूलो सडक बनाएर देखाइ दिए। आज उनलाई संसारभर 'माउन्टेन म्यान' भनेर चिनिन्छ। यसैले सोच्नुहोस्, प्रयास गर्नुहोस् र पाउनुहोस्। सुरुवात आजै गरौं, मासिक रु पाँच हजार लगानी र वार्षिक १२ प्रतिशत प्रतिफलमा धितोपत्र बजार, सरकारी बोण्ड र बैंकहरूमा फिक्स डिपोजिटलगायतका उपकरणमा टेबलमा देखाइए जस्तै योजनाबद्ध ढङ्गबाट लगानी गरी करोडपति यात्रा थालनी गरौं।

वारेट बफेटले आफ्ना अन्तर्वार्ताहरूमा भनेका छन्, पहिलो शेयर कारोबारमा धैर्यता राख्न नसक्दा धेरै मुनाफा छोड्नु परेको थियो। तब उनका बाबुले उनलाई हिउँको बीचमा लगेर त्यसलाई देखाउँदै भनेका थिए लगानी र हिउँको डल्लो उस्तै हो। हेर यो हिउँको डल्लोलाई जति टाढासम्म गुडाउन सक्छौं अरु हिउँहरू जोडिएर धेरै ठूलो डल्लो बन्दै जाने छ। लगानी पनि यस्तै हो, जति धेरै लामो समयसम्म छोड्न सक्छौं त्यति धेरै हुने निश्चित छ। त्यसपछि बफेटले सधैं लामो दौडको घोडामा लगानी गर्न सिकेका कारण उनी संसारका सफल लगानीकर्ता बन्न सम्भव भयो। हामीले पनि लगानी लामो समयको लागि छनोट गर्न सक्यौं भने सफलताहरू हात पर्ने निश्चित छ।

चीनमा पाइने एउटा बाँसको प्रजाति छ, जसको बिरुवालाई चार वर्षसम्म पानि हाल्ने र गोडमेल गर्ने गरेपनि फस्टाएको देख्न सकिन्न। तर पाँचौ वर्षमा जब बाँस फस्टाउन थाल्छ र छ हप्ताभित्रै ९० फिट लामो हुन पुग्छ। अनि प्रश्न के उठ्छ भने बाँस छ हप्तामा फस्टाएको हो ? यदि चार वर्षसम्म हेरविचार नगरेको भए फस्टाउँथ्यो होला त ? पक्कै पनि फस्टाउँदैनथ्यो। यस घटनाले के कुरा स्पष्ट गर्छ भने हामीले धैर्य राख्नु पर्दछ र सही काम गर्दै जानु पर्दछ। परिणाम अहिल्यै नदेखिए पनि केही न केही भइरहेकै हुन्छ। लगानीमा पनि कम्पाउण्डिङ्गको शक्ति यस्तै हुने गर्छ। यसैले सम्पन्नताको आधार लगानी र लगानी सफलताको सजिलो उपाय कम्पाउण्डिङ्ग शक्तिको प्रयोगलाई अभ्यासमा ल्याउनु हो।

कम्पाउण्डिङ्गको चटकलाई बुझेर वर्षमा गरिएको केही हजारको लगानीले करोडपति बन्न सम्भव रहेको हुँदा आफ्नो वित्तीय रणनीति बनाउँदा कम्पाउण्डिङ्गलाई विशेष ध्यान दिन आवश्यक छ। पुस्तक 'लिभिङ् द एटि ट्वान्टी वे' का लेखक .रिचार्ड कोचका अनुसार २० प्रतिशत धनाढेले कम्पाउन्डिङ्ग मिराकलका कारण ब्रम्हाण्डको ८० प्रतिशत सम्पत्ति नियन्त्रणमा राख्न सम्भव भएको छ। तर कम्पाउन्डिङ्गको प्रयोग र महत्व बुझ्न नसक्दा ८० प्रतिशत मानिसले २० प्रतिशत सम्पत्तिमा निर्वाह गर्नु परेको छ। स्मार्ट लगानीकर्ता बढी प्रतिफल पाउन चक्रिय ब्याजदरको प्रयोग गर्ने गर्दछन्। यसैले तपाई जति छिटो लगानीमा कम्पाउन्डिङ्ग गर्न थाल्नु हुनेछ, लगानीले चमत्कार देखाउन उति नै छिटो सम्भव रहन्छ। राम्रो सुरुआतले राम्रो अन्त्यमा पुऱ्याउँछ।(लेखक धितोपत्र बजारका लगानीकर्ता हुनुहुन्छ)रासस

# प्रधानमन्त्री रोजगार कार्यक्रमको नयाँ 'मोडालिटी' ल्याउँदैछौँ : मन्त्री अर्याल

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले प्रधानमन्त्री रोजगार कार्यक्रमको नयाँ ' मोडालिटी' ल्याउन गृहकार्य भइरहेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "यो कार्यक्रमबारे पुनःविचार गर्नुपर्छ भनेर काम भइरहेको छ । कम्तीमा यो कार्यक्रमले सीप विकास र उद्यमशीलतासँग जोड्न सक्नुपर्छ ।" राष्ट्रियसभाको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको विहिबारको बैठकमा बोल्दै उहाँले श्रम स्वीकृतिमा बेथिति देखिएकाले एक घण्टामै श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरेको बताउनुभयो ।



"वैदेशिक रोजगारीमा जाने सोझा नागरिक आफ्नो सम्पत्ति बेचेर गइरहेका हुन्छन् । उनीहरुलाई बिचौलियाले ठग्ने गरेको छ । ठग्ने प्रवृत्ति अन्त्य गर्न यो निर्णय ग-यौँ । 'फ्रि भिसा फ्रि टिकट' मा पनि ब्रहमलुट छ । यसको नीतिमा पनि काम गरिरहेका छौँ," मन्त्री अर्यालले भन्नुभयो । उहाँले आन्तरिक रोजगारी सिर्जना गर्ने काममा मन्त्रालय गम्भीर रहेको बताउँदै भन्नुभयो, "विदेश जानेलाई रोक्न सकिँदैन तर फर्किएकालाई मात्रै रोक्न सके त्यो ठूलो कुरा हुनेछ । फर्केकालाई व्यवस्थापन गर्न कार्यक्रम ल्याउँदैछौँ ।"

मन्त्रालयका सचिव घनश्याम उपाध्यायले रोजगार बैंकको अवधारणामा मन्त्रालय अघि बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले गरेका काम प्रचार गर्न सकेका छैनौँ । श्रमाधान रोजगार मेला सातै प्रदेशमा सम्पन्न भएको छ । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरेका छौँ ।" बैठकमा श्रम तथा रोजगार, श्रमिक तथा कामदार, वैदेशिक रोजगार, सामाजिक सुरक्षाको अवस्था नीति, कानुन, संरचनालगायतमा मन्त्रालयबाट भएका काम कारबाही, समस्या, भावी, कार्ययोजनालगायतका विषयमा छलफल भएको थियो ।

समितिका सभापति सोनाम गेल्जेन शेर्पाले नकारात्मकभन्दा सकारात्मक पाटोमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालभित्रै काम गरिरहेका सफल व्यवसायीको पनि प्रचारप्रसार गर्नुपर्छ जसले गर्दा अरुलाई प्रोत्साहन मिलोस् ।"

समितिका सदस्यहरुले आन्तरिक रोजगारी सिर्जना गर्न कार्यक्रम ल्याउनुपर्ने, म्यानपावर कम्पनीहरुको कडा अनुगमन हुनुपर्ने, युवालाई विदेश जान रोक्ने कार्यक्रम ल्याउनुपर्नेलगायतका धारणा राख्नुभयो । सांसद विष्णुकुमारी सापकोटाले नेपालमै रोजगारीको व्यवस्था गर्न आन्तरिक स्रोतको भरपुर उपयोग गर्न सकिने बताउनुभयो । उहाँले भन्नुभयो, "आन्तरिक स्रोत खोजी गर्नुपर्छ । आफ्नै देशमा रोजगारीको व्यवस्था गर्न सकिन्छ । लोकल मदिराको ब्रान्डिङ गर्न सकिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबारे पुर्नविचार गर्नुपर्छ ।"

सांसद कृष्णबहादुर रोकायाले बिचौलियाले वैदेशिक रोजगारीमा जानेलाई अलपत्र पारेको भन्दै म्यानपावर कम्पनीको कडा अनुगमन हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली ठगिएका छन् । अझ त्यहाँ बितेका नेपालीको शव ल्याउन अप्ठ्यारो छ । सीप सिकेर नगएका कारण असमान ज्याला देखिएको छ ।"रासस

# अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि अभिवृद्धि भएको छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रपति रामचन्द्र पौडेलको स्वीट्जरल्याण्ड तथा सङ्घीय गणतन्त्र जर्मनीको औपचारिक भ्रमणबाट अन्तर्राष्ट्रिय जगत्मा नेपालको छवि अभिवृद्धि भएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा राष्ट्रपति पौडेलबाट गत जेठ २९ देखि यही असार ५ गतेसम्म भएको स्वीट्जरल्याण्ड र जर्मनीको भ्रमणका बारेमा सदनलाई जानकारी गराउँदै प्रधानमन्त्री दाहालले उच्चस्तरीय भ्रमण परराष्ट्र नीति सञ्चालनको अभिन्न पक्ष भएको बताउनुभयो । राष्ट्रपति पौडेल अन्तर्राष्ट्रिय श्रम सङ्गठनले जेनेभामा आयोजना गरेको अन्तर ाष्ट्रिय श्रम सम्मेलनको एक सय १२ औँ उच्चस्तरीय बैठकमा सहभागी हुन गत जेठ २९ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । उक्त सम्मेलनमा सहभागी भई उहाँ असार १ गते जर्मनीको औपचारिक भ्रमणमा जानुभएको थियो ।



स्वीट्जरल्याण्डमा रहँदा राष्ट्रपति पौडेलले त्यहाँका राष्ट्रपति भियोला एमहर्डसँग गत जेठ ३० गते द्विपक्षीय भेटवार्ता गर्नुभएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले उक्त भेटमा नेपाल-स्वीट्जरल्याण्ड द्विपक्षीय सम्बन्धका विविध विषय तथा साझा चासोका क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमा विचार आदानप्रदान भएको स्पष्ट पार्नुभयो । नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुन लागेको सन्दर्भमा राष्ट्रपति पौडेलले नेपालको विकास प्राथमिकताका विषयमा प्रकाश पार्दै सूचना प्रविधिको विकास, खाद्य सुरक्षा, कृषिको विकास, बजार पहुँच, लगानी, व्यापारलगायत क्षेत्रमा स्वीट्जरल्याण्ड सरकारबाट सहयोग बढाउन आग्रह गर्नुभएको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराउनुभयो ।

सो अवसरमा राष्ट्रपति पौडेलले नेपालको सामाजिक-आर्थिक विकास, सङ्घीयताको कार्यान्वयन र शान्ति प्रक्रियामा गरेको सहयोगका लागि स्वीट्जरल्याण्ड सरकारलाई धन्यवाद दिँदै सन् २०२६ सम्ममा स्तरोन्नति हुन प्रयत्नशील रहेको सन्दर्भमा स्वीट्जरल्याण्ड सरकारको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो ।

"उक्त द्विपक्षीय भेटवार्तामा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, राष्ट्रपतिका विदेश मामिला सल्लाहकार डा सुरेशचन्द्र चालिसे, राष्ट्रपति कार्यालय र परराष्ट्र मन्त्रालयका सचिवहरु, स्वीट्जरल्याण्डका लागि नेपाली राजदूत तथा राष्ट्रपति कार्यालय र परराष्ट्र मन्त्रालयका उच्चपदस्थ कर्मचारीको उपस्थिति रहेको थियो", राष्ट्रपति पौडेलको भ्रमणबारे सदनलाई जानकारी गराउँदै प्रधानमन्त्री दाहालले भन्नुभयो ।

राष्ट्रपति पौडेलले गत जेठ ३१ गते जेनेभामा आयोजित आइएलओकोएकसय१२औंवार्षिक सम्मेलनको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्नुभएको उहाँले सदनलाई जानकारी गराउनुभयो । "उक्त सम्बोधनमा राष्ट्रपतिले अन्तर ाष्ट्रिय श्रम सङ्गठनको औचित्यता, नेपालले श्रमिकको हक, अधिकार सुनिश्चित गर्न गरेका प्रयास तथा उपलब्धि तथा नेपालको संविधानमा सामाजिक न्यायलाई मौलिक अधिकारका रूपमा प्रत्याभूत गरेको लगायत विषयलाई प्रकाश पार्दै नेपाल श्रमसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको थियो", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

गत जेठ ३१ गते राष्ट्रपति पौडेलसमक्ष आइएलओका महानिर्देशक गिलबर्ट हुंबोले शिष्टाचारभेटगरीनेपाललेसामाजिक सुरक्षालगायतको क्षेत्रमा गरेको सुधारको प्रशंसा गर्नुभएको थियो । राष्ट्रपति पौडेल स्वीट्जरल्याण्डको भ्रमण सम्पन्न गरी यही असार १ गते जेनेभाबाट जर्मनीको बर्लिनका लागि प्रस्थान गर्नुभएको थियो । राष्ट्रपति पौडेलले पोट्सड्यामको भ्रमण गरी जलवायु परिवर्तनसम्बन्धी संस्थाका प्रतिनिधिले गर्नुभएको छुट्टाछुट्टै प्रस्तुतीकरणमा सहभागी हुनुभएको थियो । सो अवसरमा उहाँले जलवायु परिवर्तनको क्षेत्रमा नयाँ अध्ययन, अनुसन्धान भइरहेकामा सराहना गर्दै यस प्रकारका अध्ययन, अनुसन्धान तथा नयाँ प्रविधिबाट नेपालजस्ता जलवायु परिवर्तनबाट प्रताडित मुलुकसमेत लाभान्वित हुनुपर्नेमा जोड दिनुभएको थियो ।

यही असार ३ गते राष्ट्रपति पौडेल र जर्मनीका राष्ट्रपति फ्र्याङ्क वाल्टर स्टाइनमायरबीच द्विपक्षीय भेटवार्ता भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले सो क्रममा दुई देशका राष्ट्रपतिबीच द्विपक्षीय सहयोग, व्यापार तथा वाणिज्य, प्रविधि हस्तान्तरणलगायत नेपाल-जर्मनी सम्बन्धका विविध पक्षपारे छलफल भएको स्पष्ट पार्नुभयो । द्विपक्षीय भेटवार्तामा नेपाली प्रतिनिधिमण्डलमा राष्ट्रपतिका विदेश मामिला सल्लाहकार डा सुरेश चालिसे, राष्ट्रपति कार्यालय र परराट्र मन्त्रालयका सचिवहरू, जर्मनीका लागि नेपाली राजदूत तथा राष्ट्रपति कार्यालय र परराष्ट्र मन्त्रालयका उच्चपदस्थ कर्मचारीको उपस्थिति रहेको तथा जर्मन प्रतिनिधिमण्डलमा राष्ट्रपति कार्यालय र विदेश मन्त्रालयका स्टेट सेक्रेटरीलगायत उच्चपदस्थ पदाधिकारीहरूको उपस्थिति रहेको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी दिनुभयो ।रासस

# आगामी आर्थिक वर्षदेखि राससले २४सै घण्टा सेवा प्रवाह गर्ने : सञ्चारमन्त्री शर्मा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आगामी आर्थिक वर्ष २०८१/८२ देखि राष्ट्रिय समाचार समिति (रासस)को समाचार सेवा २४सै घण्टा सञ्चालन गरिने बताउनुभएको छ ।



प्रतिनिधिसभाको विहिबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री शर्माले तथ्यमा आधारित विश्वसनीय समाचार सेवा दिँदै आएको राससले आगामी आर्थिक वर्षदेखि २४सै घण्टा सेवा प्रवाह गर्ने जानकारी दिनुभयो ।

मन्त्री शर्माले राससको २४ घण्टाको सेवाबाट आमसञ्चारमाध्यम र नागरिकले समयमै सत्यतथ्यरआधिकारिक समाचार प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले राससको २४ घण्टे सेवा सञ्चालन र मातृ भाषामा समाचार सम्प्रेषणका लागि सरकारले आवश्यक बजेट व्यवस्था गरेको बताउनुभयो । राससले हाल बिहान ६:०० देखि राति ११:०० बजेसम्म सेवा प्रवाह गर्दै आएको छ ।

यसैगरी मन्त्री शर्माले राससको श्रव्यदृश्य सेवाको निरन्तरताका साथै मैथिली र नेवारी भाषामा समेत समाचार सेवा प्रवाह गर्न लागेको जानकारी दिनुभयो । राससले यसअघि अवधि भाषामा समाचार सम्प्रेषण गर्दै आएको छ ।मन्त्री शर्माले पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको वर्तमान सरकार स्वतन्त्र र निष्पक्ष पत्रकारिताको पक्षमा प्रतिबद्ध रहेको बताउनुभयो ।रासस

# न्यायाधीश नियुक्ति समयमै हुन्छ : मन्त्री गिरी

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले अदालतमा रिक्त न्यायाधीशको दरबन्दीमा समयमै नियुक्ति हुने बताउनुभएको छ । प्रतिनिधिसभा बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलमा उठाइएका विषयमा मन्त्री गिरीले जवाफ दिनुहुँदै अदालतमा रिक्त रहेका न्यायाधीशको दरबन्दीमा समयमै पदपूर्ति हुने बताउनुभएको हो ।



"अदालतहरुमा रिक्त दरबन्दीमा पदपूर्ति गर्ने विषयमा सरकार गम्भीर छ", मन्त्री गिरीले भन्नुभयो, "न्याय परिषद् सदस्यको हैसियतमा छिटोभन्दा छिटो न्यायाधीश नियुक्ति प्रक्रियालाई अगाडि बढाइ निष्पक्ष र सक्षम न्यायाधीश नियुक्ति गरी अदालतमा भएको मुद्दाको चापलाई घटाइ नागरिकलाई छिटोछरितो न्याय निरुपण गर्ने कुरामा विश्वास दिलाउन चाहान्छु ।"न्यायाधीश नियुक्ति प्रक्रियालाई निष्पक्ष, पारदर्शी बनाउन तथा अनुभवी, विज्ञ, योग्य र निष्ठावान न्यायाधीश नियुक्ति हुनुपर्ने विषयमा न्याय परिषद् स्पष्ट र प्रतिवद्ध भएको उल्लेख गर्दै उहाँले भविष्यमा न्यायाधीश नियुक्तिको विषयमा प्रश्न नउठ्ने गरी काम गर्ने बताउनुभयो ।

"मिडिया ट्रायलको आधारमा मुद्दा निरुपण हुने प्रश्नको सम्बन्धमा नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायालयको व्यवस्था गरेको हुँदा मिडिया ट्रायल वा अन्य कुनै आधारमा विवादको न्यायिक निरुपण हुन नसक्ने व्यहोरा अनुरोध गर्दछु", मन्त्री गिरीले भन्नुभयो, "तीन तहको न्यायिक संरचनामा तल्लो अदालतले गरेको न्यायिक निर्णयको माथिल्लो अदालतबाट पुनः परीक्षण गर्न सकिने कानुनी तथा संवैधानिक व्यवस्था रहेको सन्दर्भमा अदालत तथा न्यायिक निकायको विश्वसनीयतामा थप आशंका नगर्न आग्रह गर्छु ।"

नेपालको संविधान बमोजिम बनाउनुपर्ने कानुनको विषय उठान गर्नुभएको प्रश्नको सम्बन्धमा संविधान जारी भए पश्चात कानुन निर्माणलाई मन्त्रालयले मुख्य प्राथमिकतामा राखेर काम कारबाही अगाडि बढाएको जानकारी गराउनुभयो ।मन्त्रालयले सङ्घीय संसद्मा पेश गरिने विधेयकको प्राथमिकताको एकीकृत विवरण तयार गरिसकेको र पहिलो प्राथमिकतामा परेका विधेयकको संख्या ६३, दोस्रो प्राथमिकतामा परेका विधेयकको संख्या ३९ र तेस्रो प्राथमिकतामा परेका विधेयकको संख्या १५ गरी कूल एक सय १७ विधेयकलाई प्राथमिकता निर्धारण गरिएको जानकारी दिनुभयो ।

सङ्घीय निजामती सेवासम्बन्धी विधेयक, शिक्षासम्बन्धी विधेयकलगायत महत्वपूर्ण विधेयकहरु सङ्घीय संसद्मा दर्ता भई प्रक्रिया अगाडि बढेको र विधेयक छिटो संसद् बाट पास हुन आवश्यक भएको उहाँले सदनमा जानकारी गराउनुभयो । कानुन व्यवसायीको व्यावसायिकता र क्षमता अभिवृद्धिका लागि निरन्तर तालिम प्रदान गर्न कानुन व्यवसायी प्रतिष्ठान (लयर्स एकेडेमी) गठन गर्ने विषयलाई प्राथमिकतामा राखिएको जानकारी गराउनुभयो ।

मन्त्री गिरीले कानुन व्यवसायीलेपालनागर्नुपर्नेआचरण व्यवसायीले मुद्दाका पक्षलाई कानुनी सेवा उपलब्ध गराएवापत लिने शुल्कलाई पारदर्शी बनाउन कानुन व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा सङ्घीय संसद्मा दर्ताको चरणमा रहेको जानकारी गराउनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र सामान्य प्रशासन तथा सङ्घीय मन्त्रालयसम्बन्धी छलफलमा सम्बन्धित मन्त्रीको जवाफ दिने कार्यसूची भए पनि हटाइएको छ ।रासस

# लगानीमैत्री वातावरण बनाउन मन्त्रालय क्रियाशील छ : मन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योग क्षेत्रको विकासका लागि नीतिगत स्थायित्व तथा कार्यविधिगत सरलीकरण गरी लगानीमैत्री वातावरण निर्माण गर्न मन्त्रालय क्रियाशील रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तरगत उद्योग मन्त्रालयको विनियोजित शीर्षकसम्बन्धी छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री भण्डारीले नेपालमा लगानीको वातावरणलाई सहज बनाउन विभिन्न आठ कानुन समावेश गरिएको केही नेपाल ऐन संशोधन, अध्यादेश २०८१ जारी गरी प्रतिस्थापन विधेयकसमेत सङ्घीय संसद्मा पेस गरिसकिएको बताउनुभयो ।

नेपाल व्यापार एकीकृत रणनीति, २०८०, व्यापार लजिष्टिक नीति, २०७९ र व्यापार लजिष्टिक नीतिको कार्यान्वयन कार्ययोजना तथा व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमार्फत व्यापार प्रवर्द्धनमा टेवा पुग्ने गरी कार्यक्रम कार्यान्वयन भइरहेको उहाँले जानकारी दिनुभयो ।

लामो समयदेखि रोकिएको स्टार्टअप नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको उल्लेख गर्दै मन्त्री भण्डारीले स्टार्टअपलाई कर्जा प्रवाह गर्न विभिन्न एक सय ८३ प्रस्ताव छनोट गरी काम अघि बढिसकेको स्पष्ट पार्नुभयो । "गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना लि, नेपाल ओरियण्ट म्याग्नेसाइट प्रालि, नेपाल मेटल कम्पनी लि, बुटवल धागो कारखाना, विराटनगर जुट मिल्स, हेटौँडा कपडा उद्योगसमेत बन्द भएका सार्वजनिक संस्थान तथा हेटौँडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योग जस्ता दुई रुग्ण उद्योगसमेत गरी नौ वटा सार्वजनिक संस्थान सञ्चालनका विकल्प पहिचान गरिएको छ", उहाँले भन्नुभयो ।

औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तरगत औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा विशेष आर्थिक क्षेत्र निर्माण, विकास तथा सञ्चालन गर्ने गरी प्राथमिकताकासाथ कार्य अगाडि बढाइएको जानकारी गराउँदै मन्त्री भण्डारीले व्यापार लजिस्टिक्स पूर्वाधारको रणनीतिक तथा एकीकृत विकास गर्न लजिस्टिक्स गुरूयोजना तर्जुमा गरी सोही अनुरुप पूर्वाधार विकास गरिने तयारी गरिएको बताउनुभयो । स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ, सीप तथा प्रविधिको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्न औद्योगिक ग्रामको निर्माण र विकास गर्ने गरी कार्य अगाडि बढाइएको उल्लेख गर्दै उहाँले हालसम्म एक सय २० औद्योगिक ग्राम घोषणा भएका, ६ वटा घोषणा हुने क्रममा रहेका तथा सम्बन्धित स्थानीय तहबाट औद्योगिक ग्राम निर्माण र विकासको कार्य भइरहेको स्पष्ट पार्नुभयो ।

लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, सीप विकास तथ प्रविधि हस्तान्तरणका लागि कार्यक्रम प्रस्ताव गरिएको जानकारी गराउँदै मन्त्री भण्डारीले विजनेश इन्कुवेसन सेन्टर स्थापना, सीपमूलक कार्यक्रम तथा स्टार्टअप कोष कार्यान्वयन गर्न आगामी आर्थिक वर्षका लागि कार्यक्रम र बजेट प्रस्ताव भएको बताउनुभयो । उहाँले उपभोक्ता हित संरक्षण गर्न उपभोक्ता अदालत गठन प्रक्रियाका लागि बजेट विनियोजन गर्नुका साथै बजारमा माग उच्च हुने तथा मूल्य अस्वभाविक रुपमा वृद्धि हुनसक्ने अवस्थालाई दृष्टिगत गरी रणनीतिक रुपमा संयुक्त बजार अनुगमनलाई तीव्रता दिइने बताउनुभयो ।

मन्त्री भण्डारीले सूचना र अनुसन्धानमा आधारित बजार अनुगमन प्रणाली कार्यान्वयनमा ल्याउने, संवेदनशील र जोखिमयुक्त बजार क्षेत्रको यकिन तथा विश्लेषण गरी नियमित एवं आकस्मिक अनुगमन गर्ने गरी आगामी आर्थिक वर्षमा बजार अनुगमन गर्ने तयारी गरिएको स्पष्ट पार्नुभयो ।

बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा कार्यान्वयन क्षमता, खर्चको मितव्ययिता, आर्थिक पारदर्शीता र वित्तीय अनुशासन समेतलाई जोड दिइएको उहाँले बताउनुभयो ।रासस


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**सूचना प्रकाशित मिति : २०८१/०३/०७ गते**

यस धनुषाधाम नगरपालिकाबाट २०८१/०२/०२ को प्रकाशित सार्वजनिक सूचना अनुसार ठेक्का नं. DM/05/080-081 र DM/06/080-081 का लागि तोकिएको मिति र समय भित्र ई-बिडमात्र बाट दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतका लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सो ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | DM/05/080-081 | construction of School Building Mabi Pritpur Parwata Ward no-5 | Munal and Utsab Nirman Sewa Pvt.Ltd,Ward no-7, dhanushadham | 35,41,279 (without vat and PS Item) | |
| 2 | DM/06/080-081 | construction of School Building Mabi Haripur Nigahpur Ward no-6 | Prince Construction,Ward no-6,dhanushadham | 29,19,725.75 (without vat and PS Item) | |

नि.प्रमुख प्रशासकिय अधिकृत

# उत्तर कोरियासँगको रक्षा सम्झौतामा हस्ताक्षरपछि पुटिन भियतनाममा

एएफपी

हनोई । उत्तर कोरियाली नेता किम जोङ उनसँग पारस्परिक रक्षा सम्झौतामा हस्ताक्षर गरेको एक दिनपछि रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले भियतनामी समकक्षीसँग बिहीबार हनोईको राजकीय भ्रमणका क्रममा भेटवार्ता गर्नुभएको छ ।

नेता पुटिनलाई भियतनामका नवनियुक्त राष्ट्रपति तो लाम र हनोईस्थित राष्ट्रपति भवनमा एक सैन्य गार्डले स्वागत गर्नुभएको थियो । उहाँले लामसँग वार्ता गर्नुका साथै भियतनामको सत्तारुढ कम्युनिष्ट पार्टीका शक्तिशाली महासचिव गुयेन फु ट्रोङलगायत अन्य वरिष्ठ भियतनामी नेतासँग पनि भेटवार्ता गर्नुहुनेछ ।

यसअघि, नेता पुटिनले उत्तर कोरियाको भ्रमण गर्नुभएको थियो । पुटिन र किमले प्योङ्याङमा भएको शिखर सम्मेलनमा आक्रमण भएमा एकअर्कालाई सहयोग गर्ने प्रतिबद्धता पनि समावेश भएको एक रणनीतिक सम्झौतामा हस्ताक्षर गरेका थिए । किमले युक्रेनविरुद्ध रूसको युद्धलाई आफ्नो पूर्ण समर्थन रहने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ । वासिङ्टन र उसका सहयोगीहरूले उत्तर कोरियाले युक्रेनयुद्धका लागि रूसलाई गोलाबारुद र क्षेप्यास्त्र आपूर्ति गरेको आरोप लगाउँदै आएका छन् ।

अमेरिकी विदेश मन्त्रालयले रुस र उत्तर कोरियाबीचको सम्बन्ध प्रगाढ हुनु 'ठूलो चिन्ताको विषय' भएको बताएको छ भने युक्रेनका एक उच्च अधिकारीले प्योङ्याङले मस्कोलाई 'युक्रेनी नागरिकको सामूहिक हत्या' गर्न उक्साएको आरोप लगाएका छन् ।बुधबार २४ वर्षमा उत्तर कोरियाको पहिलो भ्रमण गर्दै पुटिनले मस्कोजस्तै कडा अन्तर्राष्ट्रिय प्रतिबन्धको सामना गरिरहेको प्योङ्याङसँग 'सैन्य प्राविधिक सहयोग'लाई आफूले इन्कार नगरेको बताउनुभएको थियो । पुटिनले भन्नुभयो, "आज हामी संयुक्त राज्य अमेरिका र उसका सहयोगीको 'आधिपत्यवाद र नव-औपनिवेशिक अभ्यास' को विरुद्ध एकसाथ लडिरहेका छौं।

उत्तर कोरियाको स्थापना भएदेखि अर्थात् दोस्रो विश्वयुद्धपछि नै यी दुई देश सहयोगी रहँदै आएका छन् भने सन् २०२२ मा रूसले युक्रेनमा गरेको आक्रमणपछि पुटिनविरूद्ध पश्चिमा मुलुकहरूले विश्व मञ्चमा आवाज वुलन्द पार्ने र आक्रमणविरूद्ध एक भएपछि यी दुई देश अझ नजिक भएका हुन् ।नेता किमले पुटिनलाई 'कोरियाली जनताको सबैभन्दा प्रिय मित्र' को संज्ञा दिँदै युक्रेनमा जारी युद्धप्रति आफ्नो 'पूर्ण समर्थन र ऐक्यबद्धता' व्यक्त गर्नुभएको छ ।

पुटिनको भ्रमणसँगै रूस र भियतनामबीचको सम्बन्ध थप प्रगाढ हुने

रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा जारी युद्धलाई लिएर मस्कोको बढ्दो एक्लोपनको सामना गर्न आफ्नो गठबन्धनलाई बलियो बनाउने उद्देश्यले भियतनामको भ्रमण गरी रूस र भियतनामबीचको सम्बन्धलाई प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

उत्तर कोरियाली नेता किम जोङ उनसँगको शिखर वार्तापछि पुटिनले शीतयुद्धका दिनदेखि मस्कोको नजिकको सहयोगी रहेको अर्को एशियाली मुलुक भियतनामको भ्रमण गर्नुभएको हो। रूसी नेताले हनोईमा समर्थनको स्पष्ट सार्वजनिक घोषणा नगरेपनि भियतनामी राष्ट्रपति तो लामले रक्षा सहयोग बढाउने इच्छा व्यक्त गरेको भियतनामी सञ्चारमाध्यमले जनाएका छन् ।

"अन्तर्राष्ट्रिय कानुनका आधारमा गैरपरम्परागत सुरक्षा चुनौतीको सामना कसरी गर्ने, यस क्षेत्र र विश्वमा शान्ति र सुरक्षाका लागि कसरी सामना गर्न सकिन्छ भनी दुवै पक्ष रक्षा र सुरक्षामा सहयोग बढाउन चाहन्छन्," लामले पुटिनसँगको वार्तापछि सञ्चारकर्मीसँग भन्नुभयो ।सन् १९९५ देखि २०२३ को बीचमा भियतनामको मुख्य हतियार आपूर्तिकर्ता मस्कोले ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ, तर युक्रेन द्वन्द्वसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबन्धहरू तीव्र भएपछि हालैका वर्षहरूमा माग सङ्ख्या घटेको छ ।लाम र पुटिनले शिक्षादेखि न्याय र असैनिक आणविक परियोजनासम्मका करिब एक दर्जन सहयोग सम्झौतामा हस्ताक्षर गरेका छन् ।

पुटिनले पत्रकारहरूसँग कुरा गर्दै वार्ता रचनात्मक रहेको र महत्वपूर्ण अन्तर्राष्ट्रिय मुद्दाहरूमा दुवै पक्षको 'समान वा धेरै नजिकको' अडान रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "उनीहरूले एशिया-प्रशान्त क्षेत्रमा पर्याप्त र भरपर्दो सुरक्षा संरचना निर्माण गर्ने विषयमा छलफल गरेका छन् । यो बल प्रयोग नगर्ने र मतभेदलाई शान्तिपूर्ण तरिकाले समाधान गर्ने सिद्धान्तमा आधारित छ।

पुटिनको एसिया भ्रमण पश्चिमा शक्तिहरूले युक्रेनमा रुसको युद्धलाई रोक्ने उद्देश्यले प्रतिबन्धहरू बढाएका बेला भएको हो ।संयुक्त राज्य अमेरिका, बेलायत र युरोपियन युनियनले गत हप्ता नयाँ प्रतिबन्धहरूको घोषणा गरेका थिए भने जी-७ ले रोक्का गरिएको रूसी सम्पत्तिबाट प्राप्त मुनाफाबाट किएभलाई ५० अर्ब डलरको नयाँ ऋण प्रदान गर्न प्रयोग गर्न सहमत भएका थिए ।



> नेता किमले पुटिनलाई "कोरियाली जनताको सबैभन्दा प्रिय मित्र" को संज्ञा दिँदै युक्रेनमा जारी युद्धप्रति आफ्नो "पूर्ण समर्थन र ऐक्यबद्धता" व्यक्त गर्नुभएको छ ।

# विश्वकप क्रिकेट खेलेर स्वदेश फर्कियो नेपाली टोली



काठमाण्डु । आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिता प्रतियोगिताको समूह चरणको खेल खेलेर नेपाली क्रिकेट टोली विहिबार स्वदेश फर्किएका छन् । अमेरिका र वेस्टइण्डिजमा भएको विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले चार खेल खेलेकोमा तीनमा हार तथा एक खेल बराबरी खेलेको थियो । नेपाली टोलीलाई क्यानका पदाधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थालमा स्वागत गर्नुभएको थियो ।

विश्वकप क्रिकेटमा नेपाल समूह डि मा परेको थियो । नेपालको समूहमा दक्षिण अफ्रिका, बङ्गलादेश, श्रीलङ्का र नेदरल्यान्ड्स रहेका थिए । नेपालले अमेरिकामा दुई खेल र वेस्टइण्डिजमा समान दुई खेल खेलको थियो । अमेरिकामा भएको आफनो पहिलो खेलमा नेपाल नेदरल्यान्ड्सँग ६ विकेटले पराजित भएको थियो ।

त्यस्तै श्रीलङ्कविरुद्धको दोस्रो खेल वर्षाका कारण रद्ध भएसँगै दुवै टोलीले समान एकर एक अङ्क बाँडेका थिए ।त्यसपछि वेस्टइण्डिजमा भएको दक्षिण अफ्रिकाविरुद्धको खेलमा नेपाल एक रनको झिनो अन्तरले पराजित भएको थियो । त्यस्तै समूह चरणको अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएसँगै नेपालको विश्वकप यात्रा समाप्त भएको थियो ।

विश्वकपमा नेपालसँगै श्रीलङ्का र नेदरल्यान्डस् प्रतियोगिताबाट बाहिरिएका थिए । त्यस्तै दक्षिण अफ्रिका र बङ्गलादेश भने सुपर आठमा पुगे । दक्षिण अफ्रिका समूह डि को शीर्ष र बङ्गलादेश दोस्रो स्थानमा रहदै सुपर आठमा पुगेका हुन ।रासस

# इङ्ग्ल्याण्डले वेस्टइण्डिजलाई आठ विकेटले हरायो

काठमाण्डु । आइसिसी टि-ट्वान्टी विश्वकप क्रिकेट २०२४ अन्तर्गत सुपर आठको आफ्नो पहिलो खेलमा इङ्ग्ल्याण्डले वेस्टइण्डिजलाई आठ विकेटले पराजित गरेको छ ।

वेस्टइण्डिजले दिएको एक सय ८१ रनको विजयी लक्ष्य पछ्याएको इङ्ग्ल्याण्डले १७ दशमलव ३ ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो । इङ्ग्लयाण्डका लागि फिल साल्टले अविजित ८७ रनको योगदान दिए । उनले ४७ बलमा सात चौका र पाँच छक्काको मद्दतमा ८७ रनको योगदान गरेका हुन् ।

जोनी बेयरस्टो ४८ रन बनाउँदा कप्तान जोस बटलरले २५ र मोइन अली १३ रन बनाए। बलिङतर्फ वेस्टइन्डिजका आन्द्रे रसेल र रोस्टन चेसले समान एक/एक विकेट लिए ।त्यसअघि सेन्ट लुसियामा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको वेस्टइण्डिजले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै एक सय ८० रनको योगफल बनाएको थियो ।

वेस्टइण्डिजका लागि जोनसन चार्लसले ३४ बलमा चार चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ३८ रनको योगदान दिए। उनले निकोलस पुरन र रोभम्यान पावेलले समान ३६/३६ रन बनाए। त्यस्तै शार्फेन रदरफोर्डले २८ रन बनाउँदा ब्रान्डोन किङले २३ रन जोडे ।

इङ्ग्ल्याण्डका जोफ्रा आर्चर, आदिल रशिद, मोइन अली र लियाम लिभिगस्टनले समान एक/एक विकेट लिए ।

विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत विहिबार राति नेपाली समयअनुसार ८:१५ बजे अफगानिस्तान र भारत आमनेसामने हुनेछन् ।रासस

# भारतसँग श्रीलङ्काको सक्रिय सहकार्य

एएनआई

कोलम्बो । श्रीलङ्काका राष्ट्रपति रानिल विक्रमसिङ्घेले सौर्य तथा पवन उर्जामा, हरित हाइड्रोजन प्राप्ती जस्ता विभिन्न क्षेत्रमा भारतसँग सक्रिय रूपमा सहकार्य गरिरहेको बताउनुभएको छ । उहाँले श्रीलङ्काले उद्योगको प्रतिस्पर्धात्मक क्षमता सुधारका लागि आवश्यक कोषको सुविधा दिने विकास बैंक स्थापना गर्न पनि खोजिरहेको बताउनुभयो ।



अन्तर्राष्ट्रिय उद्योग एक्सपो २०२४ को बुधबार आयोजित उद्घाटनलाई सम्बोधन गर्दै राष्ट्रपति विक्रमासिङ्घेले साना र मध्यम स्तरका उद्यमीहरूलाई सहयोग गर्न इन्टरप्राइज श्रीलङ्का नामक नयाँ इकाई स्थापना गर्ने योजना रहेको बताउनुभयो। श्रीलङ्काका राष्ट्रपतिले प्रधानमन्त्री नरेन्द्र मोदीसँग यी पहलहरूबारे छलफल गरिसकेको उल्लेख गर्नुभयो ।

"हामी यी योजनामा भारतसँग सक्रिय रूपमा सहकार्य गरिरहेका छौँ । मैले प्रधानमन्त्री नरेन्द्र मोदीसँग यस विषयमा छलफल गरिसकेको छु र भोलि भारतीय विदेशमन्त्रीसँग थप छलफल हुने अपेक्षा गरेको छु ," उहाँले भन्नुभयो । अडानी कम्पनीले श्रीलङ्कामा आफ्नो काम सुरु गरेको उहाँले बताउनुभयो । यसबाहेक, भारतका विदेश मन्त्री एस जयशङ्करले जुन २० मा श्रीलङ्काको आधिकारिक भ्रमण गर्ने तयारी गरिएको विदेश मन्त्रालयले बुधबार जनाएको छ।

आफ्नो भ्रमणको क्रममा भारतीय विदेशमन्त्रीले दुई देशबिचको साझेदारीका विस्तृत मुद्दाहरूमा श्रीलङ्काका नेतृत्वसँग बैठक गर्नुहुनेछ।

"प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा नयाँ सरकार गठन भएपछि विदेशमन्त्रीको यो पहिलो द्विपक्षीय भ्रमण हुनेछ," भारतीय विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत् बताएको छ । "विदेशमन्त्री जयशङ्करको भ्रमणले आफ्नो सबैभन्दा नजिकको समुद्री छिमेकी र समय-परीक्षित मित्रको रूपमा भारतको निरन्तर प्रतिबद्धतालाई रेखाङ्कित गर्दछ," विज्ञप्तिमा भनिएको छ।

## भारत, फ्रान्स र अस्ट्रेलियाद्वारा स्वतन्त्र, नियम-आधारित इन्डो-प्यासिफिकप्रति प्रतिबद्धता

एएनआई

नयाँदिल्ली । तेस्रो भारत-फ्रान्स-अस्ट्रेलिया त्रिपक्षीय फोकल पोइन्ट बैठक बुधबार भर्चुअलरूपमा आयोजना गरिएको छ। बैठकमा तीनै पक्षले सामुद्रिक सुरक्षा, सामुद्रिक र पर्यावरण सहयोग तथा बहुपक्षीय संलग्नताअन्तर्गत भएका प्रगतिको समीक्षा गरेका थिए। भारत, अस्ट्रेलिया र फ्रान्सले आफ्ना साझा मूल्यहरूलाई अगाडि बढाउने र स्वतन्त्र, खुला, समावेशी तथा नियममा आधारित इन्डो-प्यासिफिकको दिशामा मिलेर काम गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेका छन् ।

भारतीय पक्षको नेतृत्व विदेश मन्त्रालयका सहसचिव (युरोप पश्चिम) र सहसचिव परमिता त्रिपाठी (ओसिनिया र इन्डो-प्यासिफिक) ले गर्नुभयो। फ्रान्सको विदेश मन्त्रालयका निर्देशक (एसिया र ओसिनिया) बेनोइट गाइडले फ्रान्सेली पक्षको नेतृत्व गर्नुभयो भने अस्ट्रेलियाली पक्षको नेतृत्व अस्ट्रेलियाली विदेश मामिला तथा व्यापार विभागका दक्षिण तथा मध्य एसिया डिभिजनका प्रथम सहायक सचिव सारा स्टोरीले गर्नुभयो ।


तीनै पक्षले सामुद्रिक सुरक्षा, सामुद्रिक तथा पर्यावरण सहयोग र बहुपक्षीय संलग्नासहित त्रिपक्षीय सहयोगका तीन स्तम्भअन्तर्गत भएका प्रगतिको समीक्षा गरेको भारतीय विदेश मन्त्रालयले विज्ञप्तिमा जनाएको छ। "उनीहरूले इन्डो-प्यासिफिक ओसन इनिसिएटिभ (आइपिओआई) र इन्डियन ओसन रिम एसोसिएसन (आइओआरए) संयन्त्र, मानवीय सहायता तथा प्रकोप राहत (एचएडिआर) सहयोग र बहुपक्षीय संलग्नताको ढाँचाअन्तर्गत त्रिपक्षीय सहयोगलाई अगाडि लैजनाका लागि नयाँ प्रस्तावहरूको पहिचान गरेका छन्", विज्ञप्तिमा भनिएको छ।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले सामाजिक सञ्जाल एक्समा छलफलले सहयोग बढाउन तीन वटा क्षेत्रलाई समेटेको बताउनुभयो । गत वर्ष दोस्रो भारत-फ्रान्स-अस्ट्रेलिया त्रिपक्षीय फोकल पोइन्ट बैठकमा तीन वटै पक्षले आगामी महिनाहरूमा शुरु गरिने प्रमुख परियोजनाहरूको पहिचान गरेका थिए।

## रूसी आक्रमणबाट युक्रेनी विद्युत गृहमा क्षति

एएफपी

किएभ । युक्रेनी विद्युत गृहमा बुधबार राति रूसी आक्रमण भएको प्लान्टका प्रविधिक प्रमुखले बिहीबार बताउनुभएको छ ।पछिल्लो समयमा उर्जा केन्द्र लक्षित रूसी आक्रमणहरूले युक्रेनी बिजुली उत्पादनलाई कमजोर बनाई अधिकारीहरूलाई भारतबाट आपूर्ति आयात गर्न बाध्य पारेको छ।



आक्रमणले गम्भीर डिटेक विद्युत गृहमा क्षति पुगेको छ । आक्रमणबाट तीन कर्मचारी घाइते भएको उल्लेख गरिएको छ। विज्ञप्तिले विगत तीन महिनामा युक्रेनी पावर प्लान्टहरूमा भएको यो सातौँ 'ठूलो' आक्रमण हो ।युक्रेनको राष्ट्रिय ग्रिड अपरेटर युक्रेनेर्गोले बिहीबार नागरिक ऊर्जा पूर्वाधारका वस्तुहरूमा ठूलो आक्रमण भएको पुष्टि गरेको छ।

बुधबार भिन्नयात्सा, डिपरपेट्रभोस्क, डोनेस्क, किएभलगायतका क्षेत्रमा पनि उर्जा सुविधा र उपकरणमा आक्रमण हुँदा क्षति पुगेको बताइएको छ तर समाचार तयार पार्दासम्म यससम्बन्धी स्पष्ट विवरण उपलब्ध हुन सकेको छैन। राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आक्रमणले एक वर्ष अघिको तुलनामा युद्धग्रस्त देशमा जेनेरेटर क्षमता थप गरी सहयोगीलाई अत्यावश्यक पूर्वाधारको रक्षा गर्न थप हवाई रक्षा प्रणाली पठाउन आग्रह गर्नुभएको छ।

युक्रेनको वायु सेनाले रूसले नौ क्षेप्यास्त्र तथा २७ इरानी डिजाइन गरिएको ड्रोन प्रक्षेपण गरेकोमा चार क्षेप्यास्त्रबाहेक सबै क्षेप्यास्त्रलाई हवाई रक्षा प्रणालीले खसालिएको बताएको छ ।रासस

## नकबापछि ६० लाखभन्दा बढी प्यालेस्टिनी विस्थापित

क्युएनए

रामल्लाह ।सन् १९४८ को नकबा (प्यालेस्टिनीहरूको हिंसात्मक विस्थापन) पछि जबर्जस्ती विस्थापित भएकाहरूको दुर्दशालाई उजागर गर्दै प्यालेस्टाइन र डायस्पोरामा प्यालेस्टाइन शरणार्थीहरूका लागि राहत तथा सहयोगका लागि काम गर्ने संयुक्त राष्ट्रसङ्घीय निकाय (यूएनआरडब्ल्यूए) ले हालसम्म ६० लाखभन्दा बढी व्यक्तिले शरणार्थीका रूपमा आफूलाई दर्ता गरेको खुलासा गरेको छ।

सन् २० मा संयुक्त राष्ट्रसङ्घको महासभाले स्थापना गरेको विश्व शरणार्थी दिवस ( जुन २०) का अवसरमा यूएनआरडब्ल्यूएले जनवरी २०२२ सम्ममा आफ्नो अभिलेखमा करिब ५९ लाख दर्ता भएका प्यालेस्टिनी शरणार्थी रहेको उल्लेख गरेको छ।

यीमध्ये करिब २५ लाख मानिस वेस्ट बैङ्क र गाजा पट्टीमा बस्छन् । यो सङ्ख्या कूल प्यालेस्टिनी शरणार्थी जनसङ्ख्याको करिब ४२ प्रतिशत हो । यसमध्ये वेस्ट बैङ्कबाट १५ प्रतिशत र गाजाबाट २७ प्रतिशत विस्थापित भएका हुन् । अरब देशहरूमा दर्ता भएका शरणार्थीहरूको वितरणको विस्तृत विवरण दिँदै यूएनआरडब्ल्यूएले लगभग ४० प्रतिशत प्यालेस्टिनी शरणार्थीहरू जोर्डनमा, आठ प्रतिशत लेबनानमा र १० प्रतिशत सिरियामा रहेका बताएको छ। रासस

# सङ्कट व्यवस्थापनमा सरकारको प्रतिबद्धता चाहन्छन् : संयुक्त राष्ट्रसंघीय सर्वेक्षण

एएफपी

विश्वका प्रत्येक पाँचमध्ये चार व्यक्तिले आफ्नो देशले जलवायु परिवर्तनसम्बन्धी प्रतिबद्धतालाई बलियो बनाउनुपर्छ भन्ने धारणा राखेका संयुक्त राष्ट्रसङ्घीय एक सर्वेक्षण देखाएको छ।

बिहीबार प्रकाशित सर्वेक्षण रिपोर्टमा विश्वभरका ७५ हजार सहभागीले भाग लिएका थिए।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडिपि), अक्सफोर्ड विश्वविद्यालय र जियोपोलले गरेको सर्वेक्षणमा विश्वको ८७ प्रतिशत जनसंख्याको प्रतिनिधित्व गर्ने ७७ देशका मानिसहरूलाई टेलिफोन सम्पर्कद्वारा १५ वटा प्रश्नहरू सोधिएको थियो। उनीहरूमध्ये ८० प्रतिशत उत्तरदातामा आफ्नो सरकारले विश्वव्यापी तापमानबिरूद्ध लड्ने प्रयासहरू बढाउनुपर्ने चाहना रहेको सर्वेक्षणको निष्कर्ष रहेको छ।

विश्वको सबैभन्दा बढी हरितगृह ग्याँस उत्सर्जक चीन र संयुक्त राज्य अमेरिकाका उत्तरदाता पनि जलवायु परिवर्तन व्यवस्थापन कार्यको पक्षमा रहेको सर्वेक्षणले देखाएको छ। "विश्व समुदायको नेतृत्वले सन् २०२५ सम्ममा पेरिस सम्झौताअन्तर्गत अर्को चरणको प्रतिज्ञा गर्ने निर्णय गरिरहँदा विश्वको जनसंख्याले जलवायु व्यवस्थापन कार्यलाई समर्थन गरको यो सर्वेक्षण निर्विवाद प्रमाण हुन सक्छ," युएनडिपीका अन्तराष्ट्रिय जलवायु निर्देशक क्यासी फ्लिनले भन्नुभयो।

सर्वेक्षण गरिएको ७७ देशमध्ये ६२ देशका अधिकांश उत्तरदाताले जीवाश्म ईन्धनबाट स्वच्छ ऊर्जाको प्रयोगतर्फ परिणत हुनुपर्ने बताएका थिए। विश्व्यापी तापमान पनि हाल चिन्ताको विषय बनेको सर्वेक्षणले देखाएको छ।

उत्तरदातामध्ये ५६ प्रतिशतले हप्तामा कम्तिमा एक पटक जलवायु परिवर्तनको बारेमा सोच्ने बताएका छन् । साथै आधाभन्दा बढी ५३ प्रतिशत जनसङ्ख्याले गत वर्षको तुलनामा जलवायु परिवर्तन थप चिन्ताको विषय बनेको बताएका छन् ।

सर्वेक्षणमा दुई तिहाइभन्दा बढी ६९ प्रतिशत उत्तरदाताले बढ्दो विश्वव्यापी तापमानले जीवनयापनमा असर पारेको बताएका छन् । युएनडिपीका प्रमुख अचिम स्टेनरले यी विषय चुनावी र उपभोक्ता निर्णयहरूमा अनुवाद नहुने बताउनुभयो । "म त गर्छु तर अरुले गर्दैनन्। मैले मात्र गरेर केही हुँदैन," स्टेनरले जलवायु व्यवस्थापन कार्यमा मानिसहरूको धारणा उद्धत गर्दै भन्नुभयो।

# सिद्धार्थ बैंकको 'सिद्धार्थ रिवार्ड्स' योजना सञ्चालनमा

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंकले 'सिद्धार्थ रिवार्ड्स' योजना सञ्चालनमा ल्याएको छ । बैंकले नक्सालस्थित आफ्नो प्रधान कार्यालय भवनमा बैंकका प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह, सञ्चारकर्मीका साथै बैंकमा कार्यरत कर्मचारीको उपस्थितिमा एक कार्यक्रम आयोजना गरी यसयोजनालाई सार्वजनिक गरेको छ ।

यस योजनाअन्तर्गत ग्राहकले बैंकको कार्ड प्रयोग गरी गरेको खरिद र मोबाइल बैकिङबाट गरेको टपअपका आधारमा रिवार्डस पोइन्टस प्राप्त गर्न सक्नेछन् । प्राप्त पोइन्टर्स हवाई टिकट, होटेल, पसल, उपहार कार्ड, बिमा तथा इन्टरनेट बिल पेमेन्ट आदिजस्ता विभिन्न सेवा लिँदा नगदको सट्टा प्रयोग गर्न सक्नेछन् । सिद्धार्थ रिवार्डस सार्वजनिक गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेलले यसको सुरुवातले डिजिटल भुक्तानीमा एक रोमाञ्चक र नयाँ अध्यायको सुरुवात गरी ग्राहकको बैंकिङ अनुभवलाई अझ गुणस्तरीय बनाउन मद्दत पुऱ्याउने बताए ।




साथै, बैंकका नायव प्रमुख कार्यकारी अधिकृत रामेश्वरप्रसाद बस्यालले ग्राहकको सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखी कसरी पृथक् एवं नवीन सेवा प्रदान गर्न सकिन्छ भन्नेमा बैंक सदैव केन्द्रित रहेको बताए ।

# खाना पर्यटनमा सेफ साह, एक वर्षभित्र अयोध्यामा 'मिथिला थाली'को लक्ष्य

काठमाण्डु । मास्टर सेफ सन्तोष साहले सुरु गर्नुभएको 'मिथिला थाली' रेस्टुराँ दोस्रो वर्षमा प्रवेश गरेको छ । मिथिलाको मौलिक परिकार प्रवर्द्धन गर्ने उद्देश्यले गत वर्षको असार ६ गते जनकपुरधाममा मिथिला खानाको रेस्टुराँ सुरु गर्नुभएका साहले दोस्रो वर्ष नपुग्दै राजधानी काठमाडौँमा तीन शाखा विस्तार गर्नुभएको छ ।

जनकपुरधाम तथा मधेसको मौलिक परिकारको स्वाद काठमाडौँबासीलाई खुवाउने योजनाका साथ उहाँले केही समय अघि झम्सिखेलमा मिथिला थाली सुरु गर्नुभएको थियो । साथै दोस्रो वर्ष पुगेको अवसरमा गौशालामा मिथिला थालीको तेस्रो शाखाको विहिबार 'सफ्ट ओपनिङ' गरिएको छ भने नक्सालको गैरीधारामा केही दिनमै नयाँ रेस्टुराँ सञ्चालन हुने उहाँको भनाइ छ ।

"जनकपुरधाममा अपेक्षाकृत सफलतापछि काठमाडौँ उपत्यकाको झम्सिखेलमा रेष्टुराँ सुरु गरेका थियौँ", उहाँले भन्नुभयो, "झम्सिखेलको रेष्टुराँमा उत्साहजनक प्रतिक्रियापछि गौशाला र गैरीधारामा रेस्टुराँ सुरु गर्न लागिएको हो ।" उहाँ अनुसार गौशालाको शाखामा शाकाहारी मिथिला परिकार मात्रै उपलब्ध हुनेछ । पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने तिर्थयात्रीलाई लक्षित गरी रेष्टुराँ लक्षित गरिएको उहाँको भनाइ छ । मिथिला थालीअन्तर्गत ग्राहकले एकै थालीमा १७ परिकारको स्वाद लिन पाउने छन् ।

> मिथिला थालीअन्तर्गत ग्राहकले एकै थालीमा १७ परिकारको स्वाद लिन पाउने छन् ।

"मेरो उद्देश्य मिथिलाको मौलिक खानासँगै संस्कृति र कला पनि प्रबर्द्धन गर्नु हो", उहाँले भन्नुभयो, "त्यसैले रेष्टुराँ पनि मिथिला कलाले सजाइएको छ ।" रेष्टुराँमा आउने ग्राहकले मिथिला आर्ट खरिद गरेर कलाकारलाई सहयोग पनि गर्न सक्ने साहको भनाइ छ । "हामीले मिथिला कलाकारका सिर्जनालाई यहाँ राखेका छौँ, ग्राहकहरुले यी कला खरिद गरेर उहाँहरुलाई आर्थिक रुपमा सहयोग गर्न सक्नुहुनेछ", उहाँले भन्नुभयो ।

दाई दिलिप साहको प्रेरणाबाट सेफ बनेर बिबिसीको मास्टर सेफ २०२०को उपविजेता र मास्टर सेफको प्रोफेसनल रिम्याच २०२१ को बिजेता बन्दै विश्वभर नेपाली परिकार चिनाउन सफल साहले अहिले पनि दाईसँगै सहकार्यमा रेष्टुराँ विस्तार गरिरहनुभएको छ ।

साह पछिल्लो समय उनी खाना पर्यटन प्रवर्द्धनमा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । माता सिताको जन्मभूमिको परिकारलाई भगवान रामको जन्मभूमि भारतको अयोध्यामा पुऱ्याउने गरी काम भइरहेको र एक वर्षभित्रमा अयोध्यामा पनि मिथिला थाली रेष्टराँ सञ्चालनमा ल्याउने गरी काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

साथै कतारको राजधानी दोहामा पनि एक वर्षभित्रै रेस्टुराँ सुरु गर्ने योजना रहेको उहाँको भनाइ छ ।रासस

# गजुरी र धार्केमा सिटिजन्स बैंकको दुई नयाँ शाखा संचालनमा

**टुडे समाचारदाता**




काठमाडौँ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा आफ्नो १९१औं र १९२औं शाखा धादिङको गजुरी र धार्केमा संचालनमा ल्याएको छ । यससंगै वाग्मती प्रदेशमा संचालनमा रहेका शाखाहरु ५४ पुगेका छन् ।

गजुरी र धार्केमा बुधबार आयोजित एक कार्यक्रमका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले नयाँ शाखाहरुको शुभारम्भ गरे। कार्यक्रमलाई संवोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलज्यूले ग्राहकहरूलाई उत्कृष्ट सेवा सुबिधा पुर्याउने क्रममा हामी धादिङ बासीहरुको सेवामा आइपुगेको र आगामी दिनमा सुशासनलाई ध्यानमा राख्दै अझ उच्चस्तरीय ग्राहक सेवामा समर्पित रहने कुरा व्यक्त गरे । उक्त शाखाहरुको उद्धघाटन समारोहमा स्थानीय निकायका प्रतिनिधिहरू, उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाहरुको उपस्थिति रहेको थियो । सुविधा सम्पन्न यी शाखाहरु मार्फत ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवा प्रदान गर्नुका साथै साना तथा कर्पोरट व्यवसायीहरु माझ वित्तीय पहुँच पुर्याँउने लक्ष्य बैंकले राखेको छ ।

नयाँ शाखा संचालनको अवसरमा यी शाखाहरुमा खाता खोल्दा कर्पोरेट मोबाइल बैंकिङ्ग र इन्टरनेट बैंकिङ्ग जस्ता सेवाहरु पहिलो वर्ष निशुल्क प्राप्त गर्न सकिनेछ । साथै डि-म्याट खाता खोल्दा लाग्ने शुल्कमा पहिलो वर्षको लागि छुटको व्यवस्था रहेको छ । धादिङ गजुरीमा आफ्नो नयाँ शाखाको शुभारम्भ भएको दिनमानै बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत गजुरी ०१,आधामारा धादिङमा अवस्थित श्री पत्तालिनी आधारभूत विद्यालयलाई कम्प्युटर सेट र प्रिन्टर उपलब्ध गराएको छ । विद्यालयमा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले सहयोग स्वरुप कम्प्युटर सेट र प्रिन्टर हस्तान्तरण गरे । समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंकको यो सानो सहयोगले विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु लाभान्वित हुने विश्वास व्यक्त गरे । विपन्न समुदायका विद्यार्थीहरुलाई सहयोग प्रदान गर्न पाँउदा आफु हर्षित भएको पनि बताए ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९२ वटा शाखा, १५५ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । हाल ५६ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ५ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ ।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८१/०३/०७**

यस बैंकको शाखा कार्यालय जलेश्वरबाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्नुका साथै सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा मिति वि.सं. २०८०/०१/२५ मा आर्थिक दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना जारी गर्दा समेत उक्त सम्पूर्ण ऋणकर्जा रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण कर्जाको साँवा ब्याज र हर्जना रकम चुक्ता भुक्तान गर्नु हुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, व्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

चन्द्रदेव सिंहको नाती, अम्बिका सिंहको छोरा, सत्या देवी सिंहको पति, ईटहर्वाकट्टी न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला मनरा शिस्वा न.पा. वडा नं. २, बस्ने **राम विनय सिंह** ( ना.प्र.नं. ६००७००९५, जारी मिति २०२९/०६/२०, जिल्ला महोत्तरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. चन्द्रदेव सिंहको नाती, अम्बिका सिंहको छोरा, शान्ति देवी राजपुतनीको पति, ईटहर्वाकट्टी न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला मनरा शिस्वा न.पा. वडा नं. २, बस्ने **राम अधार सिंह** (ना.प्र.नं. ६००७१४३५, जारी मिति २०३२/०३/२०, जिल्ला महोत्तरी)

२. चन्द्रदेव सिंहको नाती, अम्बिका सिंहको छोरा, ईटहर्वाकट्टी न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला मनरा शिस्वा न.पा. वडा नं. २, बस्ने **नन्द किशोर सिंह** ( ना.प्र.नं. ६००७००९९, जारी मिति २०३८/०७/१८, जिल्ला महोत्तरी)

३. चन्द्रदेव सिंहको नाती, अम्बिका सिंहको छोरा, ईटहर्वाकट्टी न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला मनरा शिस्वा न.पा. वडा नं. २, बस्ने **कृष्ण कुमार सिंह** ( ना.प्र.नं. ३८५९०९३८, जारी मिति २०४३/०३/२७, जिल्ला महोत्तरी)

४. अम्बिका सिंहको बुहारी, सजनबल सिंहको छोरी, राम अधार सिंहको पत्नि, ईटहर्वाकट्टी न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला मनरा शिस्वा न.पा. वडा नं. २, बस्ने **शान्ति देवी राजपुतनी** ( ना.प्र.नं. ३७८९, जारी मिति २०४६/०३/२७, जिल्ला महोत्तरी)

५. अम्बिका सिंहको नाति, राम आधार सिंहको छोरा, ईटहर्वाकट्टी न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला मनरा शिस्वा न.पा. वडा नं. २, बस्ने **मनिष कुमार सिंह** ( ना.प्र.नं. १८-१-०३४/५८९, जारी मिति २०६९/०८/१२, जिल्ला महोत्तरी)

६. अम्बिका सिंहको नाति, राम आधार सिंहको छोरा, ईटहर्वाकट्टी न.पा/गा.वि.स/उ.म.न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला मनरा शिस्वा न.पा. वडा नं. २, बस्ने **रवि कुमार सिंह** ( ना.प्र.नं. १८-१-७३/०३०३२, जारी मिति २०७३/०४/१२, जिल्ला महोत्तरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८



## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषिविकास बैंक लि. शाखा कार्यालय गोलबजारको ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यकालागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालय : शाखा कार्यालय, कल्याणपुर**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारि भएको जिल्ला र मिति | ग्राहकको पिताको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | कृष्ण ईटा उधोग (प्रो.प्रमोद कुमार साह) | मैन्हासहस्रवाहु-२, सप्तरी | २७५५ २०५६/०४/२५ सप्तरी | गुणालाल साह | बैजनाथी साह | उधोग कर्जा | ८५,००,०००/- | १३,८६,३००/- | ९८,८६,३००/- |

फर्मको दर्ता नं.: १११।०७०।७१ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय, सप्तरी दर्ता मिति : २०७०।०५।१७ पान नं. ६०१५०८२६४

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारि भएको जिल्ला र मिति | ग्राहकको पिता/ पतिको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | राजकुमार फर्निचर उधोग (प्रो.फुलिदास चौधरी) | सुरुङ्गा न.पा.-७, सप्तरी | ४७५ २०५१/१०/१८ सप्तरी | बिरिचन चौधरी | बिलट चौधरी | ब्यापार | ४०,००,०००/- | ४,८७,९५२/- | ४४,८७,९५२/- |

फर्मको दर्ता नं.: १००६७/०७८/७९ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग बिभाग सप्तरी, राजबिराज दर्ता मिति : २०७८।०५।२१ पान नं. ६१६६४४१४६

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको पिताको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | जि.दास हार्डवेयर (ईन्द्र भुषण दास) | सुरुङ्गा न.पा.-४, सप्तरी | ६/२५३ २०५४/०४/०१ सिरहा | गोबर्धन दास | रामजी दास | ब्यापार | १५,००,०००/- | ३,०४,४७३/- | १८,०४,४७३/- |

फर्मको दर्ता नं.: ८३९७।२०७७।७८ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय सप्तरी, राजविराज दर्ता मिति : २०७७।०९।१६ पान नं. ६१४७३८७५३

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको पिताको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | निर्मल जल (प्रो. राजकुमार चौधरी) | खडक न.पा.-५, सप्तरी | ०८५१२९१०५ २०४०/०३/१३सप्तरी | घनसीराम चौधरी | अजवलालचौधरी | ब्यापार | १९,५०,०००/- | २,७१,४६५/- | २२,२१,४६५/- |

फर्मको दर्ता नं.: ८२३८/०७४/०७५ दर्ता भएको कार्यालय : उधोग बिकास शाखा, राजबिराज, सप्तरी दर्ता मिति :२०७४।१२।२९ पान नं.६०७७३७९५२

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको पिताको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | मिथिला बस्त्रालय (प्रो.सत्यनारायण भगत) | कुशहा-०६,सप्तरी | ४०३५२०३१/०५/०८ सप्तरी | सिताराम भगत | मनि भगत | ब्यापार | २५,५०,०००/- | १,५१,४७४/- | २७,०१,४७४/- |

फर्मको दर्ता नं.: १४६६/०६९/७० दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय, सप्तरी दर्ता मिति :२०६९।०५।१० पान नं. :६००६८३६९४

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको पिताको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | बिस मिल्लाह जनरल स्टोर(प्रो.सफिर अहममिया) | कुशहा-७, सप्तरी | ५१८१२२०३ २०४४/१०/२१ सप्तरी | सुलेमानमिया | सफिर अहममिया | ब्यापार | २७,००,०००/- | ५,४५,८६३/- | ३२,४५,८६३/- |

फर्मको दर्ता नं.: ७५०६/०७६/७७ दर्ता भएको कार्यालय : घरेलु तथा साना उधोग कार्यालय, सप्तरी दर्ता मिति :२०७६।०८।०९ पान नं. :६१२५०८९०३

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको पिताको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | ब्रेभ हार्ट एजुकेशनल एकेडमी प्रा.लि.(प्रो. श्रवण कुमार चौधरी | पंसेरा-५, सप्तरी | ७०२५१७८९ २०५२/०७/०९/सप्तरी | सुखैर चौधरी | खुसीलाल चौधरी | ब्यापार | ३७,५०,०००/- | ३,३८,१०१/- | ४०,८८,१०१/- |

फर्मको दर्ता नं.:५०८८८/०६४/०६५ दर्ता भएको कार्यालय :नेपाल सरकार उधोग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, दर्ता मिति :२०६४।०९।२९ पान नं. :६०१०४५८४४

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको पिताको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/०३/०४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | बाबा डिहीवार मनिएक्सप्रेस (प्रो. शिव चरण चौधरी) | भंगाहा-१,सप्तरी | ८८९९ २०५५/०३/२३ सप्तरी | गुदर चौधरी | खुसिलालचौधरी | ब्यापार | ३०,४०,०००/- | ३,०५,९८८/- | ३३,४५,९८८/- |

फर्मको दर्ता नं.:८७२ दर्ता भएको कार्यालय : घरेलु तथा सानाउधोग कार्यालय सप्तरी दर्ता मिति :२०६७।०७।२९ पान नं. :३०४३३५६२८

| क्र.सं | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राह कको पतिको नाम | सशुराको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/३/४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | सेरा खातुन | मैन्हासह्रसवाहु ६, सप्तरी | १५१ २०५८/८/१३,सप्तरी | उसमान मिया | सुलेमान मिया | घरायसी | ८,००,०००/- | १,४६,३६६/- | ९,४६,३६६/- |

| क्र.सं | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको बाबुको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/३/४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | धर्मदेव चौधरी | पिप्रापश्चिम६, सप्तरी | ५९०३ २०५३/०४/२३,सप्तरी | बजारी चौधरी | मागैन चौधरी | कृषि | १०,००,०००/- | २,१०,९९३/- | १२,१०,९९३/- |

| क्र.सं | कर्जा ग्राहकको नाम | ठेगाना | नगरिकता नं. जारिभएको जिल्ला र मिति | ग्राहकको बाबुको नाम | बाजेको नाम | उदेश्य | सावां सकम रु. | मिति २०८१/३/४ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | हजरत मिया | बनरझुलार, सप्तरी | ३०९४ २०४३/१०/११,सप्तरी | बरकैत मिया | बाबुजिमिया | कृषि | १०,००,०००/- | ९३,५,५३,/- | १०,९३,५५३/- |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
**मधेश प्रदेश कार्यालय जनकपुर**

# ‘पाठ्यक्रममा ट्राफिकसम्बन्धी विषय समावेश गर्नुपर्ने’



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले प्रत्येक विद्यालयका पाठ्यक्रममा ट्राफिक सम्बन्धी विषय राख्नुपर्ने आवश्यक रहेको बताएका छन् ।

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्रालयको आयोजनामा भएको ट्राफिक जनचेतनामूलक कार्यक्रम -२०८१ (ट्राफिक सप्ताह ) समारोहमा मुख्यमन्त्री सिंहले विद्यालयको पाठ्यक्रममा ट्राफिक सम्बन्धी विषय राखेपछि सडक दुर्घटना कमी आउने बताए ।

उनले भने, ’आजको बालबालिकाहरु भोलिको भविष्य रहेको कारणले बालबालिकाहरुको विशेष सहभागितामा कार्यक्रम सञ्चालन भएकोमा यसले समाजमा ठूलो परिवर्तन ल्याउने विश्वास रहेको छ । बढ्दै गरेको सडक दुर्घटना नियन्त्रणका लागि विद्यार्थीहरुले यसलाई सचेतनाका रुपमा लिनुपर्छ र यसले भविष्यमा दुर्घटना न्यूनीकरण हुन्छ ।’

उनले ट्राफिक नियमको पालना गर्न र गराउनको लागि आग्रह गरे । बस चालकले सवारी सधानको अवस्था बारेमा पूर्व जानकारी राख्नुपर्ने बताए ।

भित्री सडकमा बढ्दो चाप, सडक सञ्जालको तुलनामा ट्राफिक प्रहरीको इकाइहरुको अभाव ट्राफिक व्यवस्थापनका अभाव, अटो तथा रिक्साहरुको व्यवस्थापनमा समस्या, हुलाकी तथा भित्री सडकहरुमा सिसिसटभी नहुँदा दुर्घटनाको संख्या बढ्दै गरेको उनले बताए ।

गृह, संचार तथा कानुन मन्त्री बिमला अन्सारीको अध्यक्षतामा भएको सो कार्यक्रममा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री युवराज भट्टराई, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहलगायतकाहरुको उपस्थिति रहेको थियो ।

# ‘एमालेसंगको सहकार्य समयको विवशता’

**टुडे समाचारदाता**

वीरगञ्ज । नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृकाप्रसाद यादवले केन्द्र र प्रदेश सरकारमा एमालेसंगको सहकार्य समयको विवशता रहेको बताएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भएपछि सरकारलाई एमालेका अध्यक्ष केपी शर्मा ओलीले डिटेक्ट गरिरहेको प्रश्नको जवाफमा उनले भने, ‘कहिले काही मान्छे विवशता भएर जहर खाए जस्तै ,अहिलेको अवस्था हो ।’

मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालको वीरगञ्जमा आयोजना हुने विस्तारित बैठकको विषयमा जानकारी दिन बिहीबार आयोजना गरिएको पत्रकार सम्मेलनमा पूर्वमन्त्रीसमेत रहेका उपमहासचिव यादवले मधेशमा भ्रष्टाचार र सुशासन कायम गर्नका लागि मधेशी राष्ट्रिय मुक्ति मोर्चाले छिट्टै नयाँ आन्दोलनको शुरुवात गर्ने बताए ।

उनले कोमामा गएको मधेशी मोर्चालाई ब्युँताउँदै आफू मधेशी जनता माझ जानको लागि सडक सघर्षलाई अगाडि बढाउने नेता यादवले बताए ।

जनयुद्ध, जनआन्दोलन र विभिन्न आन्दोलनहरुबाट व्यवस्था परिवर्तन भए पनि मधेशको अवस्था अझै पनि जस्ताको त्यस्तै रहेको भन्दै नेता यादवले भने, ‘दलाल नोकरशाही पुँजीपति वर्गको कब्जामा देश गएकाले त्यसको भण्डाफोर गर्न मधेशमा भ्रष्टाचार विरोधी कार्यक्रमलाई निरन्तरता दिने छौँ ।’




मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपालका इञ्चार्ज समेत रहेका नेता यादवले मधेशी तथा पहाडी शासक वर्गका नेताहरु राजनीतिलाई कमाई खाने साधन बनाएर जनसेवाको रुपमा रहेको राजनीतिलाई फोहोरी खेल बनाएको बताए । उनले जनतालाई संघीयता र गणतन्त्रको विपक्षमा पार्न भ्रमका जालहरु बुनिरहेको बताए । नेपालमा सबैभन्दा उपेक्षित मधेश र मधेशी नै भएकोले यसको उत्थानका लागि मधेशी राष्ट्रिय मुक्ति मोर्चालाई पुनर्जीवन दिनु आवश्यकता महसुस गरेर यसको अभियान सुरु गर्न लागेको बताए ।

प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य तथा पर्सा इञ्चार्ज नीरज पिठाकोटेको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा नेता यादव, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा पर्सा इञ्चार्ज विजय महतो, मोर्चाका संयोजक तथा सांसद जगत प्रसाद यादव, सहसंयोजक नन्दकिशोर यादव र विश्वदीप यादव, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य जगत राई लगायतको उपस्थिति रहेको थियो ।

# उपाध्यक्षमा साह नियुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको नीति तथा योजना आयोग उपाध्यक्षमा डा. सोहन साह नियुक्त भएका छन् ।

मुख्यमन्त्री सतीश कुमार सिंहले साहलाई नीति तथा योजना आयोगमा नियुक्त गरेका छन् ।

नवनियुक्त साहले बिहीबार नै पद तथा गोपनीयताको शपथ लिएर पदभार ग्रहण गरेका छन् ।

साह यसअघि नीति तथा योजना आयोगको सदस्य थिए । तर उनलाई तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादवले एक्कासी पदबाट बर्खास्त गरेका थिए ।

जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेश सरकार बनेपछि उनलाई प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष पदमा नियुक्त गरिएको मधेश प्रदेश सरकारले जनाएको छ ।

# आफ्नो पार्टी सरकारको स्थायित्वको पक्षमा रहेको माधव नेपालको दाबी

**टुडे समाचारदाता**

बर्दिवास । पूर्व प्रधानमन्त्री तथा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी सरकारको स्थायित्वको पक्षमा रहेको बताएका छन् ।

बर्दिवासमा बिहीबार समाजवादी प्रेस संगठनको आयोजनामा भएको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष नेपालले राजनीतिक स्थायित्वको पक्षपोषण गर्ने शक्तिले असन्तुष्टि हुने बितिकै बसेर छलफल नगरी समीकरण भत्काउने र सरकार बदल्ने सोच्न नहुने बताए ।

अध्यक्ष नेपालले भने, ‘सरकारले ल्याएको बजेटमा हाम्रा असन्तुष्टि छन्, हामी बसेर छलफल गर्छौं, सरकार फेरबदलको पक्षमा छैनौ ।’ समाजवादी पार्टी सरकारको स्थायित्व, समानता र परिवर्तनको पक्षमा रहेको उनले भने ।




अध्यक्ष नेपालले राजनीति गर्ने देश बनाउन र जनताको सेवा गर्न भएकाले राजनीतिबाट माथि पुगेपछि अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गर्ने पद्धतिबाट देशको विकास नहुने बताए ।

असार १६ गते हुने पार्टीको राष्ट्रिय महाधिवेशनको तयारीमा मधेशमा आएका नेपालले आफ्नो पर्टिले आफ्नो देशको विशेषताका आधारमा टेकेर प्रत्यक्ष निर्वाचन प्रणाली अपनाउँदै नेतृत्व छान्ने जानकारी दिए । मधेशमा ३३ हजार पार्टी सदस्य र मधेशबाट मात्रै केन्द्रीय प्रतिनिधि ३ सय ३१ रहेकाले मधेशमा समाजवादीको अवस्था निकै राम्रो रहेको उनले बताए ।

# वनको संरक्षणमा स्थानीय जुट्दै



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको वन क्षेत्रको सुरक्षा तथा संरक्षणमा सामुदायिक वनसंग मिलेर काम हुन थालेको छ ।

चुरे क्षेत्रलाई हराभरा बनाउनका लागि खाली वन क्षेत्रमा वृक्षरोपण सहितको संरक्षणको काम हुन थालेपछि उजाड बनिरहेको चुरे क्षेत्रमा फेरि हराभरा हुने सम्भावना देखिएको छ ।

धनुषा डिभिजन वन कार्यालय अन्तर्गतको लालगढ सब वन डिभिजन कार्यालयले विभिन्न जातको बिरुवाहरू उत्पादन गरेर सामुदायिक वन तथा मातहतमा पर्ने पालिकाहरूलाई निःशुल्क रुपमा वितरण गरेपछि चुरे क्षेत्रमा रहेका वन क्षेत्रमा वृक्षरोपणका कार्य थालिएको छ ।

जिल्ला समन्वय समिति धनुषाका सभापति तथा मधेश प्रदेशका वन तथा वातावरण मन्त्रालय सचिव सहितका उच्च पदाधिकारीहरूले संरक्षित वन क्षेत्रको निरीक्षण गर्ने क्रममा स्थानीयले आज भन्दा एक दशक अगाडि वन फडानी तथा मानवको बढी चलखेलका कारणले नांगो बनेर उजाड बनेकोमा वन क्षेत्रलाई पुनः हराभरा बनाइने भएको छ ।

सब डिभिजन वन कार्यालयको क्षेत्रमा क्षेत्रमा ७ हजार ४ सय हेक्टर वन क्षेत्र रहेका छन् । जसमा १२ वटा सामुदायिक वन क्षेत्रलाई ५ हजार ५ सय ७ हेक्टर वन क्षेत्र हस्तान्तरण गर्ने काम भएको छ ।

सामुदायिक वन क्षेत्रमा हस्तान्तरण भएपछि मासिएको क्षेत्रमा ३० प्रतिशतले वन वृद्धि भएको छ । ४० प्रतिशत क्षेत्रमा पोल साइजको साखुको रुखहरू हुर्किनुका साथै अहिले पनि ३० प्रतिशत कमजोर अवस्थामा रहेको जानकारी डिभिजन वन कार्यालय धनुषाका प्रमुख बेचन चौधरीले दिए ।

यसका साथै चुरे क्षेत्रमा निर्माण भएको पानी पोखरी यस वर्षको चर्को गर्मीका बाबजुद नसुकेपछि जंगली जनावर तथा पक्षीहरूलाई पानी खानका लागि ठूलो सहयोग पुगेको प्रमुख चौधरीले बताए ।

सो अनुगमनको क्रममा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डलले वन क्षेत्रको संरक्षणमा सामुदायिक वन समितिका पदाधिकारी एवं सदस्यहरुले गरेको कामको सराहना गर्दै वन क्षेत्रको वृद्धिले समग्र मानव जगतलाई नै फाइदा पुग्ने बताए । वन निर्देशनालयका उपसचिव अजय कुमार मिश्रले वन क्षेत्रको संरक्षण तथा वृक्षारोपणमा सामुदायिक वन क्षेत्रको महत्वपूर्ण भूमिका भएको बताउँदै नर्सरीको नियमित गोडमेल गर्नका लागि निर्देशन दिए ।

# कबीर साहेबको प्रकट दिवस मनाइँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । कबीर साहेबको प्राकट्य दिवस भव्यताका साथ मनाइँदै छ ।

कबीर परमेश्वर प्रकट दिवसको उपलक्ष्यमा सन्त रामपालजी महाराजका अनुयायीहरु द्वारा असार ६ देखि ८ गते सम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भन्डारा कार्यक्रम मिथिला नगरपालिका स्थित सतलोक आश्रममा पाठ प्रकाश गरी सुरु भएको छ ।

आज भन्दा ६२७ वर्ष पहिले कबीर साहेबको प्राकट्य काशी सहरको लहरतारा तलाउमा विकसित कमलको फूलमा भएको थियो । सोही समयमा निरु र निमा नामक निःसन्तान दम्पतीले त्यहाँबाट उनलाई आफ्नो घर लगेर उनको पालन पोषण गरेका थिए सोही कुराको सम्झनामा प्रत्येक बर्ष जेष्ठ महिनाको शुक्ल पूर्णिमाको दिन उनको प्रकट दिवस मनाइने चलन रहेको सतलोक आश्रम धनुषाले जनाएको छ ।



बिहीबार भएको सो कार्यक्रममा मधेश प्रदेश सरकारका प्रतिनिधि, सिराहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल, सप्तरी जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह लगायत विभिन्न नगरपालिकाका मेयरहरु लगायत गणमान्य व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

# बस दुर्घटनामा तीन जनाको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमती नगरपालिकास्थित रायमाझी चोकमा भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने दुर्घटनामा १७ जना घाइते भएका छन् ।

पूर्वपश्चिम राजमार्गीस्थित बागमती नगरपालिक-११ स्थित रायमाझी चोकमा रोकेर राखेको लरीमा यात्रीबाहक बस ठोक्किँदा रुपन्देहीको मायादेवी गाउँपालिकाका हरिबहादुर चौधरी, ८५ वर्षका दशरथ कोहार र ५० वर्षका रामकरण केवटको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सो घटनालगत्तै उद्धार गरी उनीहरुलाई हरिवनस्थित नमुना अस्पताल पुर्‍याएकोमा चिकित्सकले मृत घोषणा गरेका इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिए ।

रुपन्देहीबाट जनकपुरधामतर्फ आइरहेको बस दुर्घटना भएको छ । बसमा ४० जना सवार रहेका सर्लाही प्रहरीले जनाएको छ । सो दुर्घटनामा गम्भीर घाइते भएकाहरुको जनकपुरधाम, वीरगञ्ज तथा स्थानीय अस्पतालमा उपचार भएको छ ।

BINAYTARA FOUNDATION
CANCER CENTER

VACANCY ANNONCEMENT

PHARMACIST
LAB TECHNICIAN
STAFF NURSE/ HEALTH ASSISTANT/ BSc NURSE / BN

Interested eligible candidate, please email your updated CV to btfccjob@binayfoundation.org

Website : https://cancer.binayfoundation.org

दुर्गा भगवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगा पिपरा, रौतहट
मधेश प्रदेश, नेपाल

गाउँ सभा नवौं अधिवेशन तथा आठौं बजेट अधिवेशन आव्हान गरिएको सम्बन्धी सूचना

यस दुर्गा भगवती गाउँपालिकाको गाउँ सभा अध्यक्ष श्री शम्भु कुमार सिंह ज्यूले तपसिल बमोजिमको स्थान, मिति र समयमा गाउँ सभाको बैठक प्रारम्भ हुने गरी गाउँ सभाको **नवौं अधिवेशन तथा आठौं बजेट अधिवेशन** आह्वान गर्नुभएकोले दुर्गा भगवती गाउँपालिका गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, वडा सदस्यज्यूहरु लगायत गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरुलाई दुर्गा भगवती गाउँपालिका गाउँ सभा बैठकमा यहाँहरुको गरिमामय उपस्थितिको लागि गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ३ को उपदफा (४) बमोजिम सूचित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

स्थान : दुर्गा भगवती गाउँपालिकाको सभा हल
मिति : २०८१/०३/१० गतेका दिन सोमवार
समय : बिहान ११:०० बजे

सचिव

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८